
# शिक्षा क्षेत्रको योजना, २०८१ –२०९०




**प्रकाशक**

**स्थानीय सरकार**

**नरहा गाउँपालिका,सिरहा**

**मधेश प्रदेश, नेपाल**

**तयारकर्ता**

- **शिक्षा युवा तथा खेलकुद शाखा, नरहा गाउँपालिका,सिरहा**

**शिक्षा योजना लेखन तथा पुनरावलोकन सुझावकर्ता**

**श्री जिल्ला प्राविधिक कार्यदल, शिक्षा विकास तथा समन्वय एकाइ सिरहा**

**श्री लेखन उपसमिति**

**सहयोग**

- **श्री शिक्षा विकास तथा समन्वय एकाई, सिरहा**
- **श्री मुख्य कार्यदल, नरहा गाउँपालिका, सिरहा**
- **श्री शिक्षा समिति, प्र.अ./शिक्षक**

**प्राविधिक सहयोग**

**पिपुल प्रमोट सेन्टर,UNICEF**


**प्रकाशक :** **नरहा गाउँपालिका , सिरहा**



**सर्वाधिकार:** **प्रकाशकमा सुरक्षित**



**मुद्रण:**

**प्रमाणित मिति:** **२०८१**

**प्रकाशन मिति:** **२०८१**

**अध्यावधिक मिति :** **२०८३**

## हाम्रो भनाई

नरहा गाउँपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजना (२०८१–२०९०) निर्माण कार्य सम्पन्न भएको यस ऐतिहासिक अवसरमा, हाम्रो हृदयदेखि नै सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौँ। यो महत्त्वपूर्ण योजनाको परिकल्पना, तयारी र कार्यान्वयनमा सक्रिय भूमिका निर्वाह गर्ने सबै सहयोगी निकायहरू, प्राविधिक विशेषज्ञहरू, शिक्षा क्षेत्रमा क्रियाशील संस्था र यहाँका स्थानीय बासिन्दा, शिक्षकगण, विद्यार्थी, अभिभावक, तथा अन्य सबै सरोकारवालाहरूलाई विशेष आभार प्रकट गर्दछौँ।

यस गाउँपालिकाले शिक्षा क्षेत्रलाई गुणात्मक, समावेशी र दिगो बनाउन यो योजना तयार पारेको छ। शिक्षालाई सबैको पहुँचभित्र पुऱ्याउन र यसलाई २१औँ शताब्दीका चुनौतीहरूसँग सुसंगत बनाउन यो योजना एउटा आधारशीला सावित हुनेछ। यस योजना निर्माणको क्रममा हाम्रो गाउँपालिकालाई प्राविधिक सहयोग पुऱ्याउने People Promote Center, धनुषाको योगदान अत्यन्तै सराहनीय छ। उहाँहरूले समय, ज्ञान र अनुभवलाई प्रयोग गर्दै यो योजनालाई मूर्त रूप दिन महत्त्वपूर्ण भूमिका खेलेका छन्।

योजना निर्माण कार्यदलमा सहभागी सबै सदस्यहरूको अथक परिश्रम, सिर्जनशीलता र योगदानले यो दस्तावेजलाई एक उत्कृष्ट दिशानिर्देशक बनाउन मद्दत पुऱ्याएको छ। योजना निर्माणको हरेक चरणमा उनीहरूले देखाएको प्रतिबद्धता र समर्पणलाई हामी उच्च मूल्यांकन गर्दछौँ।

शिक्षा कुनै पनि समाजको आधारशिला हो। शिक्षाबाट मात्र समतामूलक र समृद्ध समाजको निर्माण सम्भव छ। हाम्रो गाउँपालिकामा शिक्षा क्षेत्रका विविध पक्षलाई मध्यनजर गर्दै यो योजना तयार गरिएको छ, जसले समुदायको हरेक वर्गलाई लाभ पुऱ्याउन सक्छ। प्राथमिक, माध्यमिक, र प्राविधिक शिक्षादेखि उच्च शिक्षासम्म सबै पक्षलाई समेट्ने गरी यो योजना बनाइएको छ। यसले बालबालिका, युवाहरू, र वयस्कहरूको शैक्षिक स्तरलाई मात्र होइन, उनीहरूको जीवनस्तर र सामूहिक चेतनालाई पनि उन्नत बनाउनेछ।

हामीलाई गर्व छ कि यो योजना सबै वर्ग र समुदायका लागि समान अवसरको प्रत्याभूति दिने उद्देश्यले तयार पारिएको छ। यो योजना महिला, दलित, आदिवासी, जनजाति, अपांगता भएका व्यक्तिहरू, र सीमान्तकृत समुदायका लागि विशेष अवसर र सुविधा प्रदान गर्न केन्द्रित छ।



नरहा गाउँपालिका
गाउँपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल
स्था. २०७३

रामप्रमोद यादव
अध्यक्ष
नरहा गाउँपालिका

# दुई शब्द

नरहा गाउँपालिकाको दश वर्षे शिक्षा क्षेत्रको योजना (२०८१–२०९०) को निर्माण कार्य सफलतापूर्वक सम्पन्न भएको यस ऐतिहासिक अवसरमा, हाम्रो गाउँपालिकाको तर्फबाट सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौँ। यो महत्वपूर्ण कार्यमा प्राविधिक सहयोग गर्ने People Promote Center, धनुषा, योजना निर्माण कार्यदलका सदस्यहरू, स्थानीय समुदाय, शिक्षक, विद्यार्थी, अभिभावक, र अन्य सरोकारवालाहरूको सहयोगले मात्र यो सम्भव भएको हो।

यो योजना नरहा गाउँपालिकाको शिक्षा क्षेत्रलाई समग्र रूपमा समृद्ध बनाउन तयार पारिएको एक मार्गदर्शन दस्तावेज हो। यसले हाम्रा भविष्यका लक्ष्यहरू स्पष्ट रूपमा परिभाषित गर्दै गुणस्तरीय, समावेशी, र दिगो शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। शिक्षा कुनै पनि समाजको विकासको आधारभूत पक्ष हो, र यस क्षेत्रमा भएका चुनौतीहरूको समाधान खोज्न यो योजना एक दूरदर्शी कदम हुनेछ।

People Promote Center, धनुषाको अनुभव र नेतृत्वले यो योजनाको निर्माण प्रक्रियालाई सहज र प्रभावकारी बनाएको छ। उहाँहरूको प्राविधिक सहयोग, तथ्यांक संकलन, र विशेषज्ञता बिना यो कार्य सम्भव हुने थिएन। साथै, योजना निर्माण कार्यदलका सदस्यहरूले देखाएको लगनशीलता, प्रतिबद्धता, र सिर्जनशील सोचले यो दस्तावेजलाई एक सशक्त योजना बनाउन महत्त्वपूर्ण योगदान पुर्‍याएको छ।





# विषय सूची

मन्तव्य Error! Bookmark not defined.

परिच्छेद एकः परिचय 1

१.१ पृष्ठभूमि ....................................................................................... १
१.२ पालिकाको समग्र सन्दर्भ ....................................................................... २
१.२ पालिकाको शैक्षिक सन्दर्भ ..................................................................... १०
१.४ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू ................................................ २५
१.५ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू ................................ २६
१.६ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया ........................................... २७

परिच्छेद दुईः दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य 29

२.१ परिचय ........................................................................................... २९
२.२ दूरदृष्टि (Vision) ................................................................................ २९
२.३ ध्येय (Mission) ................................................................................. २९
२.४ उद्देश्यहरू (Objectives) ......................................................................... २९
२.५ रणनीतिहरू ( Strategies) ....................................................................... ३०
२.६ अपेक्षित मुख्य उपलब्धि ........................................................................ ३०
२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) .............................. ३१

परिच्छेद तीनः विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू 37

३.१ प्रारम्भिक बालविकास र शिक्षा ................................................................. ३७
३.२ आधारभूत शिक्षा ............................................................................... ४१
३.३ माध्यमिक शिक्षा ................................................................................ ४६
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ..................................................... ५२
३.५ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम ..................................................... ५४
३.५ अन्य उपक्षेत्रहरू ................................................................................. ५७

परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू 58

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ..................................... ५८

४.२ शिक्षक व्यवस्थापन र विकास ...... ६२
४.३ शैक्षिक समता र समावेशीकरण ...... ६५
४.४ दिवा खाजासहित पोषणतथा स्वास्थ्य कार्यक्रम ...... ७०
४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा ...... ७५
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ...... ७९
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ...... ८१
परिचय ...... 81

परिच्छेद पाँचः सुशासन तथा व्यवस्थापन 86

परिचय ...... ८६
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ...... ८६
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ...... ९०
परिचय ...... 90

योजना कार्यान्वयनको प्रबन्ध ...... 91

स्थानीय तह ...... 91

विद्यालय ...... 91

समुदायिक सिकाइ केन्द्र ...... 92

परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन 94

परिचय ...... ९४
६.१ वर्तमान अवस्था ...... ९४
६.२ उद्देश्य ...... ९५
६.३ रणनीति ...... ९५
६.४ प्रमुख उपलब्धि तथा नतिजा ...... ९६
६.५ प्रमुख क्रियाकलाप र लक्ष्य ...... ९६

परिच्छेद सातः अनुगमन तथा मूल्याङ्कन 98

परिचय ...... ९८
७.१ वर्तमान अवस्था ...... ९८
७.२ उद्देश्य ...... ९९
७.३ रणनीति ...... ९९

७.४ प्रमुख उपलब्धि तथा नतिजा ............ ९९
७.५ प्रमुख क्रियाकलाप र लक्ष्य ............ १००
७.६ योजनाको लेखाजोखा ............ १००
अनुसूची १ : स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा ............ १०४

**अनुसूचीहरु**

अनुसूची १ प्रमुख उपलब्धि सूचकहरू (KPI)
अनुसूची २ नतिजा ढाँचा (Result Framework)
अनुसूची २ प्रमुख क्रियाकलाप, लक्ष्य तथा बजेट अनुमान

## परिच्छेद एकः परिचय

### १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभुत र विशिष्ट प्रकारका मौलिक हकहरू र प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ। युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ। उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौँ र हालको सोहौं योजना २०८१/८२–२०८५/८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ। उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयले गत २०८०/८१ देखि १० बर्षे विद्यालय क्षेत्र योजना (SESP) सन् २०२२/२३–२०३१/३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिपेक्षहरूमा टेक्दै यस स्थानीय सरकार नरहा गाउँपालिकाले संबैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्षरूपमा पुरा गर्न आफ्नो पालिकातहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ। त्यसै गरी ज्ञान. विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिकरणसहित आत्मसात गर्न र सृजनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र बेला बखत आइपरेका बिभिन्न प्राकृतिक बिपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप, महामारी तथा आपत विपतबाट उत्पन्न हुने जोखिमहरू साथै

जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिकातहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२५–२०३० का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ ।

योजनाको यस पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्ख्यिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ पालिकाको समग्र सन्दर्भ

नेपालमा लामो द्वन्दपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचनासहित कार्यरत रहेका छन् । यस अवधिमा नेपालमा तुलनात्मक रूपमा स्थिर आर्थिक अवस्था देखिनुलाई सकारात्मक प्रगतिको सङ्केत मान्न सकिन्छ ।सन् २०१९ को आँकडाअनुसार (UNDP, 2020) मानव विकास सूचकाङ्क (०.६०२) का दृष्टिले नेपाल कुल १८९ मध्ये १४२ औँ स्थानमा रहेको छ भने न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरेको छ । व्यक्तिको औसत विद्यालय अवधिमा बढोत्तरी, प्रति व्यक्ति आयमा वृद्धि तथा निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत घट्नु सकारात्मक सूचकहरू हुन् । शिक्षा विकासमा मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्ख्यिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यस पालिकाको शिक्षा क्षेत्रको योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

नरहा गाउँपालिका मधेश प्रदेशको सिराहा जिल्लामा पर्दछ । यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ मुख्य नतिजा मधेश प्रदेशको किताबमा उल्लेख भए अनुसार जम्मा परिवार संख्या ४३७३ ,महिला ११४९६ र पुरुष ११२६४ गरी जम्मा जनसंख्या २२७७० रहेको छ । परिवारको औषत आकार ५.२०, लैङ्गिक अनुपात ९७.९८ , वार्षिक जनसंख्या वृद्रिदर १.५५ , जनघनत्व ७७७, साक्षरता दर (५ वर्ष माथि) जम्मा ६०.८७ महिला ५२.२२ र पुरुष ६९.७८ रहेको छ । यहाँ बहुसंख्यक हिन्दु धर्म मान्ने मानिसहरुको बसोवास रहेतापनि मुसलमान, बौद्ध, र क्रिश्चियनहरूको बसोबास रहेका छन् । यहाँ मधेशी, मुस्लिम थारु, र जनजाती भने बिभिन्न जातजातीका मानिसहरुको बसोवासका साथ समावेशी समाज रहेको छ । यस गाउँपालिका क्षेत्र भित्र मैनाबती र लोहजारा खोला रहेको छ । यो गाउँपालिका सिराहा जिल्लाको सदरमुकाम सिरहाबाट १४ किलो मिटर उत्तरमा पर्दछ । यस गाउँपालिकाको क्षेत्रफल २९.३ वर्ग कि.मि रहेको छ । यस गाउँपालिका नेपालको पूर्वाञ्चल बिकाश क्षेत्रको सगरमाथा अञ्चलको दक्षिण भागमा रहेको छ र यसको भौगोलिक अवस्था २६.३३२६५५ उत्तर आक्षंश र ८६.६८६२६ पूर्व देशान्तर भित्र अवस्थित छ । यस गाउँपालिकाको

पूर्व र उत्तरमा गोलबजार नगरपालिका, दक्षिणमा विष्णुपुर गाउँपालिका र पश्चिममा मिर्चैया र कल्याणपुर नगरपालिका पर्दछ । यस गाउँपालिकाको शैक्षिक अवस्था हेर्दा पुरुषको तुलनामा महिलाको शिक्षाको स्तर न्यून रहेको छ। यहाँ २ वटा मा.वि, ११ आधारभूत बिधालय, २ वटा मदरसा र ६ वटा निजि विद्यालयहरू रहेका छन् । यस गाउँपालिकामा अधिकांश मानिस कृषि पेशा ,पशुपालनमा आश्रित रहेपनि कृषिको लागि उन्नत जातको बिउ तथा पशु नश्ल सुधार गरी पालन गरेको देखिदैन र परम्परागत खेति तथा पशुपालनमा मानिसहरुको ध्यान रहेको पाईन्छ । त्यसै गरी केही ब्यक्तिले सानातिना ब्यापार ब्यावसाय गरेर जिविकोपार्जन गरेको पाईन्छ भने केही मानिस सरकारी तथा गैर सरकारी निकायमा नोकरी गरेको पाइन्छ ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नरहा गाउँपालिकाका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरू रहेका छन् । यहाँ बसोबास गर्ने जातिहरू यादव ३५.४%, मुसहर १५.९%, मुसलमान १०.७%, कोइरी/कुशवाहा ५.४%, धानुक २.५%, दनुवार २.१%, खत्वे २.१%, तत्मा २.१%, थारू २.१% र केही अन्य हुन् । पालिकामा विभिन्न भाषाभाषीहरूको बसोवास रहेका छन् जस्मा मैथिली ८१.६%, मगही १२.३%, थारू २%, उर्दु १.८%, उराउँ/कुडुख १.२%, नेपाली ०.६%, तामाङ ०.२%, हिन्दी ०.२% र अन्य ०.३% मातृभाषा बोलिन्छन् । यो पालिकामा हिन्दू ८९%, इस्लाम १०.७%, बौद्ध ०.३% तथा क्रिश्चियन ०.०३% धर्मावलम्बीहरू बसोबास गर्छन् भने उनीहरूले दशैं, तिहार, छठपर्व, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, क्रिसमस, ल्होसार जस्ता चाडपर्वहरू मान्ने गर्दछन् । यस पालिकाभित्र अनेकतामा एकता कायम रहेकोछ । त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सहअस्तित्व-, सहिष्णुता, मेलमिलाप कायम भएको छ ।

### १.२.२ आर्थिक सामाजिक सन्दर्भ

नरहा गाउँपालिकामा बसोबास गर्ने जातजातिहरु विभिन्न किसिमका आर्थिक क्रियाकलापहरूनमा संग्लग्न रहेको पाइएकोछ । यहाँ कुल जनसंख्याको ६५.५ प्रतिशत आर्थिक क्रियाकलापहरूनमा सक्रिय रहेका छन् जस्मा मुख्यता मानिसहरूको आर्थिक स्तर माथि उकास्न मुख्यतया कृषि, माछा तथा पशुपालन, बैदेशिक रोजगार, समान्य तथा प्राविधिक रोजगार, ज्यालादारी, शिल्पकला तथा कारिगरी, कलकारखाना जस्ता ब्यबसाय गर्ने गरेको छ । यस पालिका क्षेत्र भित्र बजार क्षेत्रमा कृषि उत्पादन, दूग्ध डेरी उद्योग, चिउरा उद्योग, चिनी उद्योग, फर्निचर तथा काठ उद्योग, खाद्यान प्रशोधन तथा प्याकिङ्गकरण उद्योग, ईट्टा उद्योग जस्ता उद्योगहरूमा संलग्न रहेका छन् । कृषिमा प्रमुखबाली धान, गेहुँ, मकै, उखुँ, दलहन, तथा तरकारीवाली रहेका छन् । उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसका आलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ ।

### १.२.३ राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास

यस नरहा गाउँपालिकामा ५ वटा वडाहरू छन् । सबै वडा कार्यालयहरूवाट देहायबमोजिमका प्रशासनिक तथा सेवाप्रवाह कार्यहरू भइरहेको छ।

| वडा | जम्मा जनसंख्या | जम्मा घरधुरी | उपलब्ध प्रमुख सेवाहारू | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा | सेवा वितरण | पूर्वाधार विकास | कानून व्यवस्था | सामाजिक कल्याण तथा समावेशीकर | स्थानीय योजना छनौट र बजेटिङ |
| १ | ४५७४ | ८८० | समाजिक सुरक्षा अन्तरगत सुविधाहरू वितरण तथा जन्म, मृत्यु, विवाह, र बसाइँसराइ को दर्ता। नागरिकता सिफारिस र अन्य आवश्यक स्थानीय कागजातहरू जारी। | पानी आपूर्ति, फोहोर व्यवस्थापन, स्थानीय सडक मर्मत, र आधारभूत स्वास्थ्य सेवाहरू | सडक, पुल, विद्यालय, र स्वास्थ्य चौकीहरू को निर्माण र मर्मत। | ससाना विवाद समाधान र गम्भीर मुद्दामा कानून प्रर्वतन निकायहरू सँग समन्वय | महिला, बालबालिका र जेष्ठ नागरिकहरू का लागि सामाजिक कल्याण कार्यक्रमहरू कार्यान्वयन तथा अनुगमन | वार्षिक विकास योजनाहरूको निर्माणमा सहभागिता र स्थानीय परियोजनाहरू को लागि बजेट विनियोजनमा भूमिका। |
| २ | २७२१ | ५२३ | | | | | | |
| ३ | ५९५० | ११४२ | | | | | | |
| ४ | ४२१७ | ८११ | | | | | | |
| ५ | ५२९८ | १०१७ | | | | | | |

### १.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप

नरहा गाउँपालिका मधेश प्रदेशको सिराहा जिल्लामा अवस्थित छ र यसको क्षेत्रफल २९.३ वर्ग कि.मि. रहेको छ । यो गाउँपालिकाको उत्तर र पूर्वमा गोलबजार नगरपालिका, पश्चिममा कल्याणपुर र मिर्चैया नगरपालिका तथा दक्षिणमा विष्णुपुर गाउँपालिका अवस्थित रहेको छ । यसको भौगोलिक अवस्था २६°३३' देखि २६°५५' उत्तर अक्षांश र ८६°६' देखि ८६°२६' पूर्व देशान्तर भित्र रहेको छ।

यस पालिकामा कुल २२७६० जनसंख्या छन् जस मध्ये पुरूष ११२६४ र महिला ११४९६ छन्। जनसंख्या अनुपात ९७.९८ पुरुष प्रति १०० महिला रहेका छन्। कूल परिवारहरु संख्या ४,३७३ रहेका छन् भने औसत परिवार संख्या ५.२० जना रहेको तथा जनघनत्व ७७७ प्रति वर्ग किलोमिटर रहेको छ।

नरहा गाउँपालिकामा मैनाबती र लोहडाडा खोला रहेका छन्। यी खोलाहरूले गाउँपालिकाको केही भूभागमा सिचाई गर्ने गरेको साथै बर्षामा पानीको उच्च वहावले गर्दा खेती योग्य जमिन डुवान तथा कटानमा पर्ने गरेको छ। हावापानीको कुरा गर्दा, नरहा गाउँपालिकामा मधेश प्रदेशको अन्य भागहरू जस्तै गर्मी मौसममा उच्च तापक्रम र जाडो मौसममा चिसो तापक्रम रहने गर्दछ। यहाँको हावापानी कृषि कार्यका लागि उपयुक्त छ, तर गर्मी मौसममा अत्यधिक गर्मीले खेतीमा असर पुर्याउने गरेको छ।प्राकृतिक विपद् र तिनको सम्भावनाको कुरा गर्दा, नरहा गाउँपालिका बाढी, सुख्खा, तातो लहर (लू), सितलहर, सर्पदंस, चट्यान, हावाहुरी जस्ता विपद् जोखिममा पर्दछ। बाढीको सम्भावना विशेष गरी वर्षा ऋतुमा उच्च रहन्छ, जसले खेती र जनजीवनमा ठूलो असर पुर्याउन सक्छ। सुख्खा मौसममा पानीको अभावले कृषि कार्यमा कठिनाइ उत्पन्न गर्ने गरेको छ।

प्राकृतिक स्रोत एवं विशेषताको कुरा गर्दा, नरहा गाउँपालिकामा मुख्यतः कृषि पेशा र पशुपालनमा आश्रित जनसंख्या रहेको छ। यहाँका मानिसहरू परम्परागत खेती प्रणालीमा निर्भर छन् र उन्नत जातको बीउ तथा पशु नश्ल सुधारको कमी रहेको छ। यस गाउँपालिकामा विभिन्न जातजाति र धर्मका मानिसहरूको बसोवास रहेको छ, जसले यहाँको सांस्कृतिक विविधता र समावेशी समाजलाई दर्शाउँछ।

### १.२.४ पूर्वधार र विकास

#### क) स्वास्थ्य सेवा

नरहा गाउँपालिकामा पाँच वटा वडाहरू रहेका छन्। चार वटा वडाहरूमा स्वास्थ्य चौकी छन् भने एक वटा वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र मार्फत स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन्। सबै स्वास्थ्य संस्थाहरू आफ्नै भवनवाट सेवाहरू प्रवाह गरिरहेका छन भने पालिका स्तरी १५ सैया अस्पताल निर्माणको निम्ति प्रकृयामा रहेको छ।

#### ख) खानेपानी

यस नरहा गाउँपालिकामा खानेपानीको मुख्य स्रोत ट्यूबवेल/हाते पम्प रहेको छ। यस पालिकामा खानेपानी आयोजनाबाट पानी वितरण गरिएको छैन। यस पालिकामा ७९.५ प्रतिशत घरधुरीले ट्यूबवेल/हाते पम्प प्रयोग गरिरहेका छन् भने १०.५ प्रतिशतले धारा/पाइप स्रोतबाट खानेपानी उपयोग गरिरहेका छन्।

| क्र.सं. | खानेपानीको स्रोत | घरधुरी प्रतिशत |
|---|---|---|
| १ | ट्यूबवेल/हाते पम्प | ७९.५ |
| २ | धारा/पाइप (घरपरिसर भित्र) | १०.५ |
| ३ | धारा/पाइप(घरपरिसर बाहिर) | ६.७ |
| ४ | अन्य | १.९ |
| ५ | ढाकिएको इनार/कुवा | ०.९ |
| ६ | खुला इनार/कुवा | ०.३ |

| | | |
|---|---|---|
| ७ | मूल धारा | ०.१ |
| ८ | जार/बोतल | ०.०५ |
| ९ | खोला/झरना | ० |

**ग) विधुत**

यस नरहा गाउँपालिकाको पाँचवटै वडाका सबै गाउँटोल बस्तीहरूमा घरधुरीमा प्रयोगको लागि विद्युत् जडान भई प्रयोग भइरहेको छ। केही गाउँवस्तीमा थप विद्युत् विस्तार गर्नुपर्ने देखिन्छ, विशेष गरी कृषि सिँचाइको लागि। पालिका भित्र रहेका सबै कार्यालयहरू, विद्यालय, स्वास्थ्य संस्था, र घरधुरीहरूमा विद्युत् उपलब्ध रहेको छ।

**घ) यातायत**

यस नरहा गाउँपालिकामा मुख्य यातायात सडकमार्फत हुने गरेको छ। यस पालिकालाई पूर्व-पश्चिम महेन्द्र राजमार्ग तथा सिराहा जिल्ला हेडक्वार्टर कालोपत्रे सडकले जोडेको छ। यस पालिका भित्रका सबै गाउँबस्तीहरू कच्ची तथा ढलान सडकले जोडिएका छन् भने केही निर्माणधिन पनि रहेको छ।

**ङ) सूचना/संचार/हुलाक/पत्रपत्रिका, इन्टरनेट सेवा**

यस नरहा गाउँपालिका भित्रका सबै कार्यालयहरूमा इन्टरनेट सेवा जडान गरिएको छ र कार्यालय प्रयोजनका लागि उपयोग भइरहेको छ। इन्टरनेट सेवाले पालिकामा संचार तथा डिजिटल प्रविधिको प्रयोगलाई सहज बनाएको छ, जसले स्वास्थ्य संस्था, विद्यालय, र गाउँपालिकाको कार्यालयलाई धेरै मद्दत पुऱ्याएको छ। यस पालिकामा हुलाक सेवा उपलब्ध भए तापनि छुट्टै पिन कोड भने छैन।

**ङ) बैंकिंग सेवा**

यस गाउँपालिकामा बैंकिङ सेवाका लागि क वर्गका बैंक तथा सहकारी संस्थाहरू रहेका छन्। यस पालिका भित्र रहेका कार्यालयहरू, जनसमुदाय, तथा सामाजिक सुरक्षा जस्ता सहयोग वितरण स्थानीय स्तरमा रहेका बैंकमार्फत हुने गरेको छ।

### १.२.५ ऐतिहासिक पृष्ठभूमि (Hisorical Background)

नेपाल संघियता लागू भए पश्चात तीन तहको संरचना पुर्णगठन हुँदा सिराहा जिल्लाको साविकका चार वटा गाउँ विकास समितिहरू देवीपुर, चन्द्रअयोध्यापुर, बर्छावा र नरहा बलकवा समावेस गरी निर्माण गरिएको थियो । यस पालिकाको कुल क्षेत्रफल २९.२८ वर्ग कि.मी. रहेको तथा जनधनत्व ७७७ वर्ग कि.मी. रहेको छ।  गाउँपालिका महेन्द्र राजमार्ग तथा सिराहा जिल्लाको हेडक्वाटर जोडने सडक जोडिएको छ । पालिकामा मुख्य गरी हिन्दु, मुसलमान तथा वौद्ध धर्मालम्बीहरूको वसोवासरहेको र मुख्य गरी दशैं, तिहार, छठपर्व, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, क्रिसमस, ल्होसार जस्ता चाडपर्वहरू मान्ने गर्दछन् । पालिकामा मुख्य वसोवास यादव, मुसहर, मुसलमान, चमार/हरिजन/राम, कोइरी/कुशवाहा, धानुक, दनुवार, खत्वे, तत्मा/तत्वा, थारु र अन्य जातजातीहरू रहेका छन्। मुख्य गरी मैथली र मगही मातृभाषीहरूको वसोवास रहेका छन्। पालिकामा शिक्षामा मुख्यगरी दलित, विपन्न, मुसलमान र महिलाहरू पिछडिएका छन्।

तालिका प्रमुख जातजातीहरू

| **जातजाती** | **जनसंख्या** | **प्रतिशत (जम्मा जनसंख्यामा)** |
|---|---|---|
| यादव | ८०५७ | ३५.४ |
| मुसहर | ३६१९ | १५.९ |
| मुसलमान | २४३५ | १०.७ |
| चमार/हरिजन/राम | १३२० | ५.८ |
| कोइरी/कुशवाहा | १२२९ | ५.४ |
| धानुक | ५६९ | २.५ |
| दनुवार | ४७८ | २.१ |
| खत्वे | ४७८ | २.१ |
| तत्मा/तत्वा | ४७८ | २.१ |
| थारु | ४७८ | २.१ |
| अन्य | ३६१९ | १५.९ |
| जम्मा | २२७६० | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**तालिका भाषागत जनसंख्या**

| भाषा | जनसंख्या | प्रतिशत(जम्मा जनसंख्यामा) |
|---|---|---|
| मैथिली | १८५७२ | ८१.६ |
| मगही | २७९९ | १२.३ |
| थारु | ४५५ | २ |
| उर्दु | ४३२ | १.९ |

| | | |
|---|---|---|
| उराउँ/कुडुख | २७३ | १.२ |
| नेपाली | १३७ | ०.६ |
| तामाङ | ४६ | ०.२ |
| हिन्दी | ४६ | ०.२ |
| अन्य | ७ | ०.०३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**तालिका प्रमुख धर्मावली अनुसारको जनसंख्या**

| धर्म | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| हिन्दु | २०२५६ | ८९ |
| इस्लाम | २४३५ | १०.७ |
| बौद्ध | ६८ | ०.३ |
| क्रिश्चियन | ७ | ०.०३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**राष्ट्रिय जनगणना २०७८ अनुसार धर्म र लिङ्गका आधारमा जनसंख्या**

| क्षेत्र | जम्मा जनसंख्या | धर्महरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बौद्ध | इस्लाम | किराँत | क्रिस्चियन | प्रकृति | बोन | जैन | बहाई | सिख |
| **जम्मा** | २२७६० | २०२४७ | ६४ | २४४२ | ० | ७ | ० | ० | ० | ० | ० |
| **पुरुष** | ११२६४ | १००६५ | ३२ | ११६४ | ० | ३ | ० | ० | ० | ० | ० |
| **महिला** | ११४९६ | १०१८२ | ३२ | १२७८ | ० | ४ | ० | ० | ० | ० | ० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**छ) जनसाङ्खिक स्वरूप**

यस पालिकामा कुल २२७६० जनसंख्या छन् जस मध्ये पुरूष ११२६४ र महिला ११४९६ छन्। जनसंख्या अनुपात ९७.९८ पुरुष प्रति १०० महिला रहेका छन्। कूल परिवारहरु संख्या ४,३७३ रहेका छन् भने औसत परिवार संख्या ५.२० जना रहेको तथा जनघनत्व ७७७ प्रति वर्ग किलोमिटर रहेको छ। कुल जनसंख्याको १.७ प्रतिशत अपाङ्गता भएको जनसंख्या रहेका छन् भने महिला र पुरूष अपाङ्गता संख्या समान रहेका छन्। पालिकामा मुख्य वसोवास यादव, मुसहर, मुसलमान, चमार/हरिजन/राम, कोइरी/कुशवाहा, धानुक, दनुवार, खत्वे, तत्मा/तत्वा, थारु र अन्य जातजातीहरू रहेका छन्। यस गाउँपालिका ग्रामीण भेग रहेको तथा यहाँको जनसंख्या बसाईसराई मुख्यगरी युवा वर्ग रोजगारको अवसरका लागि विदेश जाने गरेको साथै न्यूनमात्रामा नजिकको शहरी क्षेत्रमा हुने गरेका छन्। यो पालिका तराईको समथर भूभागमा रहेकोले यहाँ गर्मी समयमा ४४° सेल्सियससम्म तथा जाडोमा ५° सेल्सियस तापक्रम सम्म पुगी अत्यधिक गर्मि र जाडो हुने गर्दछ।

उमेर समूह अनुसारको जनसंख्या वितरण तालिका

| उमेर समूह | जनसङ्ख्या | पुरूष | महिला | जम्मा जनसङ्ख्यामा प्रतिशत |
|---|---|---|---|---|
| ०-४ वर्ष | २४१७ | १२४८ | ११६९ | १०.६ |
| ५-९ वर्ष | २७७४ | १४८५ | १२८९ | १२.२ |
| १०-१४ वर्ष | २४९९ | १३४६ | ११५३ | ११.० |
| १५-१९ वर्ष | २३०६ | ११९२ | १११४ | १०.१ |
| २०-२४ वर्ष | २१९३ | ९९४ | ११९९ | ९.६ |
| २५-२९ वर्ष | १८१२ | ७९७ | १०१५ | ८.० |
| ३०-३४ वर्ष | १४३१ | ६१४ | ८१७ | ६.३ |
| ३५-३९ वर्ष | १४५४ | ६४९ | ८०५ | ६.४ |
| ४०-४४ वर्ष | १११८ | ५३२ | ५८६ | ४.९ |
| ४५-४९ वर्ष | १००९ | ४५६ | ५५३ | ४.४ |
| ५०-५४ वर्ष | ९२७ | ४९४ | ४३३ | ४.१ |
| ५५-५९ वर्ष | ७४७ | ३९९ | ३४८ | ३.३ |
| ६०-६४ वर्ष | ६२८ | ३२१ | ३०७ | २.८ |
| ६५-६९ वर्ष | ५८५ | ३०१ | २८४ | २.६ |
| ७०-७४ वर्ष | ४७२ | २३६ | २३६ | २.१ |
| ७५-७९ वर्ष | २४० | १२८ | ११२ | १.१ |
| ८०-८४ वर्ष | ८२ | ४० | ४२ | ०.४ |
| ८५-८९ वर्ष | ३६ | २२ | १४ | ०.२ |
| ९०-९४ वर्ष | १६ | ३ | १३ | ०.१ |
| ९५ माथी | १४ | ७ | ७ | ०.१ |
| जम्मा | २२७६० | ११२६४ | ११४९६ | १०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## १.२ पालिकाको शैक्षिक सन्दर्भ

नरहा गाउँपालिका, सिरहा जिल्लामा शिक्षा क्षेत्र स्थानीय विकासको महत्वपूर्ण आधारका रूपमा रहेको छ। गाउँपालिकामा सामुदायिक विद्यालय तथा मदरसा गरी जम्मा **१५ वटा विद्यालय** सञ्चालनमा रहेका छन्, जसमा **१३ वटा सामुदायिक विद्यालय र २ वटा मदरसा** रहेका छन्। साथै, प्रत्येक वडामा **१/१ वटा सामुदायिक सिकाइ केन्द्र** सञ्चालनमा रहेका छन्।

पालिकामा प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षा सञ्चालन भइरहेको छ। बालबालिकाको विद्यालय पहुँच विस्तारसँगै शिक्षण सिकाइको गुणस्तर, नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा समावेशी शिक्षामा सुधार गर्नुपर्ने आवश्यकता रहेको छ। विद्यालयहरूमा विद्युत तथा इन्टरनेटको पहुँच पुगेको अवस्था रहेकोले सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउने सम्भावना रहेको छ।पालिकाका विद्यालयहरूमा आधारभूत भौतिक पूर्वाधारको विकास हुँदै गए पनि पर्याप्त तथा बालमैत्री शौचालय, खानेपानी तथा सरसफाइ, खेलमैदान, प्रयोगशाला, पुस्तकालय, ICT सामग्री र सुरक्षित तथा अपाङ्गतामैत्री पूर्वाधारको थप विकास आवश्यक देखिन्छ। साथै, शिक्षकको पेशागत क्षमता विकास, अभिभावक तथा समुदायको सहभागिता, प्रारम्भिक सिकाइको सुदृढीकरण र विद्यार्थीको सिकाइ उपलब्धि सुधारलाई प्राथमिकतामा राख्नुपर्ने अवस्था छ।

### १.२.१ शैक्षिक अवस्थाको विश्लेषणः

यस नरहा गाउँपालिकाको शैक्षिक अवस्थाको अध्यन गर्दा जम्मा २१ शैक्षिक संस्थाहरू रहेका छन्। जस मध्ये १२ वटा बालबिकास, १३ वटा सामुदायिक विद्यालय, ६ वटा निजि विद्यालय, र २ वटा मदरसा रहेका छन् । अनौपचारीक शिक्षा अन्तरगत ४ वटा सामुदायिक सिकाई केन्द्रहरू संचालनमा रहेको छ ।

### १.२.२ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र  निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुऱ्याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५-वर्षे  दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणका आधारमा पन्ध्रौँ आवधिक योजनाका लक्षहरू तय

गरिएको छ। उल्लिखित नीति कार्यान्वयन गरी लक्ष्य प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ।

### **१.२.३ शिक्षाको संरचना:**

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्। यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ।

### **१.२.४ बिद्यालय सङ्ख्या**

| क्र.सं. | विद्यालयको नाम | सञ्चालन कक्षा | वडा नं. | विद्यालयको प्रकार |
|---|---|---|---|---|
| १ | आधारभूत विद्यालय देवीपुर | ECD+१-५ कक्षा | १ | सामुदायिक |
| २ | आधारभूत विद्यालय गौराहा | ECD+१-५ कक्षा | १ | सामुदायिक |
| ३ | जनता आधारभूत विद्यालय तिलासी देवीपुर | | १ | सामुदायिक |
| ४ | आधारभूत विद्यालय पानवारी | ECD+१-५ कक्षा | २ | सामुदायिक |
| ५ | शरण माध्यमिक विद्यालय पानवारी | ECD+१-१० कक्षा | २ | सामुदायिक |
| ६ | आधारभूत विद्यालय खोरिया | ECD+१-३ कक्षा | ३ | सामुदायिक |
| ७ | जनता आधारभूत विद्यालय खोरिया बतराही | ECD+१-३ कक्षा | ३ | सामुदायिक |
| ८ | सार्वजनिक आधारभूत विद्यालय चोहर्वा | ECD+१-६ कक्षा | ३ | सामुदायिक |
| ९ | दिनाभद्री आधारभूत विद्यालय बर्छवा | ECD+१-४ कक्षा | ४ | सामुदायिक |
| १० | जनता वनवाली माध्यमिक विद्यालय बर्छवा | ECD+१-१२ कक्षा | ४ | सामुदायिक |
| ११ | जनता आधारभूत विद्यालय ललभितिया | ECD+१-५ कक्षा | ४ | सामुदायिक |
| १२ | आधारभूत विद्यालय जगदिशपुर कालावञ्जर | ECD+१-५ कक्षा | ५ | सामुदायिक |
| १३ | आधारभूत विद्यालय नरहा | ECD+१-५ कक्षा | ५ | सामुदायिक |
| १४ | मदरसा मोहमदिया इस्लामिया खोरिया | १-३ कक्षा | ३ | धार्मिक |
| १५ | मदरसा इस्लामिया खोरिया | १-२ कक्षा | ३ | धार्मिक |
| १६ | बजरगं एजुकेश्नल एकेडमी | १-१० कक्षा | ४ | निजि विद्यालय |
| १७ | कृष्ण इगंलिस वोर्डिङ्ग स्कूल | ECD+१-५ कक्षा | ५ | निजि विद्यालय |
| १८ | नवजीवन पाठशाला | १-५ कक्षा | ३ | निजि विद्यालय |

| | | | | |
|---|---|---|---|---|
| १९ | संस्कार एकेडमी | ECD+१-८ कक्षा | ५ | निजि विद्यालय |
| २० | शिवशक्ति बाल एकेडमी | ECD+१-५ कक्षा | ३ | निजि विद्यालय |
| २१ | सिराहा पब्लिक स्कूल प्र.लि. | ECD+१-१२ कक्षा | ३ | निजि विद्यालय |

१.२.५ बिद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

क) पालिकाको सेवा क्षेत्र र भर्ना प्रवृत्ती

| ECD/PPC | | | Grade(1-5) | | | Grade(6-8) | | | Grade(9-10) | | | Grade(11-12) | | | Total with ECD | | | Total without ECD | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 337 | 427 | 764 | 1660 | 2007 | 3667 | 617 | 740 | 1357 | 289 | 350 | 639 | 111 | 128 | 239 | 3014 | 3652 | 6666 | 2677 | 3225 | 5902 |
| 0 | 0 | 0 | 154 | 225 | 379 | 45 | 72 | 117 | 0 | 0 | 0 | 0 | 0 | 0 | 199 | 297 | 496 | 199 | 297 | 496 |
| 22 | 30 | 52 | 79 | 91 | 170 | 23 | 16 | 39 | 0 | 0 | 0 | 0 | 0 | 0 | 124 | 137 | 261 | 102 | 107 | 209 |
| 17 | 29 | 46 | 295 | 227 | 522 | 373 | 347 | 720 | 223 | 241 | 464 | 108 | 117 | 225 | 1015 | 961 | 1977 | 998 | 932 | 1931 |
| 0 | 0 | 0 | 24 | 31 | 55 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 24 | 31 | 55 | 24 | 31 | 55 |
| 11 | 26 | 37 | 37 | 43 | 80 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 48 | 69 | 117 | 37 | 43 | 80 |
| 10 | 10 | 20 | 69 | 81 | 150 | 13 | 9 | 22 | 0 | 0 | 0 | 0 | 0 | 0 | 92 | 100 | 192 | 82 | 90 | 172 |
| 17 | 10 | 27 | 131 | 106 | 237 | 27 | 26 | 53 | 25 | 28 | 53 | 0 | 0 | 0 | 200 | 170 | 370 | 183 | 160 | 343 |
| 0 | 0 | 0 | 47 | 57 | 104 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 47 | 57 | 104 | 47 | 57 | 104 |
| 11 | 9 | 20 | 37 | 53 | 90 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 48 | 62 | 110 | 37 | 53 | 90 |
| 30 | 27 | 57 | 75 | 78 | 153 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 105 | 105 | 210 | 75 | 78 | 153 |
| 0 | 0 | 0 | 38 | 26 | 64 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 38 | 26 | 64 | 38 | 26 | 64 |
| 48 | 84 | 132 | 146 | 294 | 440 | 68 | 163 | 231 | 30 | 65 | 95 | 3 | 11 | 14 | 295 | 617 | 912 | 247 | 533 | 780 |
| 18 | 6 | 24 | 57 | 45 | 102 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 75 | 51 | 126 | 57 | 45 | 102 |
| 8 | 16 | 24 | 57 | 54 | 111 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 65 | 70 | 135 | 57 | 54 | 111 |
| 11 | 11 | 22 | 87 | 121 | 208 | 24 | 30 | 54 | 0 | 0 | 0 | 0 | 0 | 0 | 122 | 162 | 284 | 111 | 151 | 262 |
| 28 | 23 | 51 | 92 | 84 | 176 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 119 | 107 | 227 | 91 | 84 | 176 |
| 6 | 17 | 23 | 50 | 65 | 115 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 56 | 82 | 138 | 50 | 65 | 115 |
| 0 | 0 | 0 | 112 | 194 | 306 | 39 | 66 | 105 | 11 | 16 | 27 | 0 | 0 | 0 | 162 | 276 | 438 | 162 | 276 | 438 |
| 59 | 65 | 124 | 59 | 95 | 154 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 118 | 160 | 278 | 59 | 95 | 154 |
| 41 | 64 | 105 | 14 | 37 | 51 | 5 | 11 | 16 | 0 | 0 | 0 | 0 | 0 | 0 | 60 | 112 | 172 | 19 | 48 | 67 |

### १.२.५ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य

| सूचकहरु को क्षेत्र | मुख्य कार्य सम्पादन सूचक/आर्थिक बर्ष | इकाई | आधार वर्ष २०८१ | | योजना कार्यान्वयनका आ.ब.हरू | | | | | योजनाको अन्तिम आ.ब.हरू | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 23/24 | 24/25 | 25/26 | 26/27 | 27/28 | 28/29 | 29/30 | 30/31 | 31/32 |
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ | ८८/८९ | ८९/९० |
| १ | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | | |
| १.१ | **ECED मा सहजै देखिने भर्ना दर (GER in ECED)** | *जम्मा* | 108=7 | 108=2 | 107=8 | 107=3 | 106=8 | 106=4 | 105=9 | 105=4 | 105=0 |
| | | *छात्र* | 114=1 | 113=2 | 112=4 | 111=6 | 110=7 | 109=9 | 109=1 | 108=3 | 107=5 |
| | | *छात्रा* | 103=0 | 103=0 | 102=9 | 102=9 | 102=8 | 102=8 | 102=8 | 102=7 | 102=7 |
| १.२ | **कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत** | *जम्मा* | 93=8 | 94=5 | 95=3 | 96=1 | 96=9 | 97=6 | 98=4 | 99=2 | 100=0 |
| | | *छात्र* | 93=8 | 94=6 | 95=3 | 96=1 | 96=9 | 97=6 | 98=4 | 99=2 | 100=0 |
| | | *छात्रा* | 93=8 | 94=5 | 95=3 | 96=0 | 96=8 | 97=6 | 98=4 | 99=2 | 100=0 |
| २ | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | | | |
| २.१ | **कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1)** | *जम्मा* | 91=1 | 93=01 | 94=96 | 96=9 | 99=0 | 101=1 | 103=2 | 105=3 | 107=5 |
| | | *छात्र* | 89=9 | 91=78 | 93=70 | 95=7 | 97=7 | 99=7 | 101=8 | 103=9 | 106=1 |
| | | *छात्रा* | 92=5 | 94=42 | 96=40 | 98=4 | 100=5 | 102=6 | 104=7 | 106=9 | 109=2 |
| २.२ | **कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1)** | *जम्मा* | 60=1 | 64=06 | 68=27 | 72=8 | 77=5 | 82=6 | 88=1 | 93=8 | 100=0 |
| | | *छात्र* | 59=1 | 63=11 | 67=40 | 72=0 | 76=9 | 82=1 | 87=7 | 93=6 | 100=0 |
| | | *छात्रा* | 61=3 | 65=14 | 69=25 | 73=6 | 78=3 | 83=2 | 88=5 | 94=1 | 100=0 |
| २.३ | | *जम्मा* | 94=2 | 95=7 | 97=3 | 98=8 | 100=4 | 102=0 | 103=7 | 105=3 | 107=0 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | छात्र | 89=5 | 91=3 | 93=1 | 95=0 | 96=9 | 98=9 | 100=9 | 102=9 | 105=0 |
| | | छात्रा | 99=3 | 100=5 | 101=6 | 102=8 | 104=0 | 105=2 | 106=5 | 107=7 | 109=0 |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | जम्मा | 64=8 | 68=4 | 72=2 | 76=3 | 80=5 | 85=0 | 89=7 | 94=8 | 100=0 |
| | | छात्र | 62=9 | 66=7 | 70=6 | 74=9 | 79=3 | 84=1 | 89=1 | 94=4 | 100=0 |
| | | छात्रा | 66=8 | 70=3 | 73=9 | 77=7 | 81=7 | 86=0 | 90=4 | 95=1 | 100=0 |
| २.५ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | 85=0 | 87=0 | 87=0 | 89=1 | 91=2 | 93=3 | 95=5 | 97=7 | 100=0 |
| २.६ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | 37=7 | 43=3 | 43=3 | 49=8 | 57=3 | 65=8 | 75=7 | 87=0 | 100=0 |
| २.७ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर (Survival Rate to Grade 5) | जम्मा | 96=3 | 96=8 | 97=2 | 97=7 | 98=1 | 98=6 | 99=0 | 99=5 | 100=0 |
| | | छात्र | 96=3 | 96=8 | 97=2 | 97=7 | 98=1 | 98=6 | 99=0 | 99=5 | 100=0 |
| | | छात्रा | 96=3 | 96=8 | 97=2 | 97=7 | 98=1 | 98=6 | 99=0 | 99=5 | 100=0 |
| २.८ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-5) | जम्मा | 89=8 | 90=7 | 91=6 | 92=6 | 93=5 | 94=5 | 95=4 | 96=4 | 97=4 |
| | | छात्र | 89=8 | 90=7 | 91=6 | 92=6 | 93=5 | 94=5 | 95=4 | 96=4 | 97=4 |
| | | छात्रा | 89=8 | 90=7 | 91=6 | 92=6 | 93=5 | 94=5 | 95=4 | 96=4 | 97=4 |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | जम्मा | 29=4 | 23=2 | 23=2 | 18=2 | 14=4 | 11=3 | 8=9 | 7=0 | 5=5 |
| | | छात्र | 26=6 | 20=9 | 20=9 | 16=4 | 12=9 | 10=2 | 8=0 | 6=3 | 4=9 |
| | | छात्रा | 32=5 | 25=6 | 25=6 | 20=1 | 15=8 | 12=5 | 9=8 | 7=7 | 6=1 |
| २.१ | आधारभूततह (कक्षा १-५) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | स्थानीय | 1=11 | 1=10 | 1=09 | 1=08 | 1=07 | 1=06 | 1=06 | 1=05 | 1=04 |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | जम्मा | 97=1 | 99=1 | 98=5 | 101=1 | 102=2 | 103=2 | 104=3 | 105=4 | 106=5 |
| | | छात्र | 95=5 | 98=5 | 98=0 | 100=5 | 101=6 | 102=7 | 103=8 | 104=9 | 106=1 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | *छात्रा* | 98=9 | 99=7 | 99=2 | 101=8 | 102=8 | 103=8 | 104=9 | 105=9 | 107=0 |
| २.१२ | **आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER)** | *जम्मा* | 63=4 | 66=6 | 68=0 | 74=4 | 78=7 | 83=2 | 87=9 | 92=9 | 98=2 |
| | | *छात्र* | 62=8 | 66=4 | 67=8 | 74=1 | 78=4 | 82=8 | 87=5 | 92=5 | 97=8 |
| | | *छात्रा* | 64=1 | 66=9 | 68=3 | 74=7 | 79=0 | 83=5 | 88=3 | 93=3 | 98=7 |
| २.१३ | **कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8)** | *जम्मा* | 90=1 | 91=3 | 92=5 | 93=7 | 94=9 | 96=2 | 97=4 | 98=7 | 100=0 |
| | | *छात्र* | 90=2 | 91=4 | 92=6 | 93=8 | 95=0 | 96=2 | 97=5 | 98=7 | 100=0 |
| | | *छात्रा* | 90=1 | 91=3 | 92=5 | 93=7 | 94=9 | 96=2 | 97=4 | 98=7 | 100=0 |
| २.१४ | **कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-8)** | *जम्मा* | 81=2 | 82=8 | 84=4 | 86=1 | 87=8 | 89=6 | 91=3 | 93=1 | 95=0 |
| | | *छात्र* | 81=3 | 82=9 | 84=5 | 86=2 | 87=9 | 89=7 | 91=4 | 93=3 | 95=1 |
| | | *छात्रा* | 81=2 | 82=8 | 84=4 | 86=1 | 87=8 | 89=6 | 91=3 | 93=1 | 95=0 |
| २.१५ | **आधारभूततह (कक्षा १-८) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER)** | *स्थानीय* | 1=04 | 1=01 | 1=00 | 1=01 | 1=01 | 1=01 | 1=01 | 1=01 | 1=01 |
| २.१६ | **कक्षा ३ मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency)** | स्थानीय | 47=7 | 50=9 | 54=3 | 57=9 | 61=8 | 65=9 | 70=3 | 75=0 | 80=0 |
| | | स्थानीय | 61=3 | 63=9 | 66=5 | 69=3 | 72=2 | 75=2 | 78=3 | 81=6 | 85=0 |
| २.१७ | **कक्षा ५ मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency)** | स्थानीय | 56=0 | 59=4 | 63=1 | 66=9 | 71=0 | 75=3 | 79=9 | 84=8 | 90=0 |
| | | स्थानीय | 67=5 | 70=0 | 72=5 | 75=2 | 77=9 | 80=8 | 83=8 | 86=8 | 90=0 |
| २.१८ | | स्थानीय | 56=6 | 60=0 | 63=6 | 67=4 | 71=4 | 75=6 | 80=1 | 84=9 | 90=0 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **कक्षा ८ मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency)** | स्थानीय | **42=9** | **46=4** | **50=1** | **54=2** | **58=6** | **63=3** | **68=5** | **74=0** | **80=0** |
| २.१९ | ***आधारभूततह (कक्षा १-५ मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC)*** | ***जम्मा*** | **13=0** | **7=8** | **7=8** | **4=7** | **2=8** | **1=7** | **1=0** | **0=6** | **0=4** |
| | | ***छात्र*** | **0=0** | **0=0** | **0=0** | **0=0** | **0=0** | **0=0** | **0=0** | **0=0** | **0=0** |
| | | ***छात्रा*** | **0=0** | **0=0** | **0=0** | **0=0** | **0=0** | **0=0** | **0=0** | **0=0** | **0=0** |
| | **आधारभूततह (कक्षा १-८) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC)** | ***जम्मा*** | **10=8** | **9=8** | **9=7** | **7=9** | **6=9** | **6=0** | **5=0** | **4=0** | **3=0** |
| | | ***छात्र*** | **10=6** | **9=7** | **9=6** | **7=8** | **6=8** | **5=8** | **4=8** | **3=8** | **2=8** |
| | | ***छात्रा*** | **11=0** | **10=0** | **9=9** | **8=1** | **7=1** | **6=1** | **5=2** | **4=1** | **3=1** |
| २.२० | **आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत** | स्थानीय | **63=5** | **64** | **64** | **64** | **64** | **64** | **65** | **65** | **65** |
| २.२१ | **आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत** | स्थानीय | **67=6** | **68** | **68** | **68** | **68** | **68** | **68** | **68** | **68** |
| २.२२ | **आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत** | स्थानीय | **44=4** | **45** | **45** | **45** | **45** | **45** | **45** | **45** | **46** |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | | |
| ३.१ | **माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER)** | ***जम्मा*** | **50=3** | **55=1** | **58=0** | **64=0** | **69=0** | **74=6** | **80=8** | **87=5** | **95=0** |
| | | ***छात्र*** | **44=5** | **50=2** | **52=8** | **59=6** | **65=0** | **71=1** | **77=9** | **85=5** | **94=0** |
| | | ***छात्रा*** | **56=2** | **56=3** | **59=2** | **65=3** | **70=4** | **76=0** | **82=1** | **88=7** | **96=0** |
| ३.२ | **माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER)** | ***जम्मा*** | **22=8** | **27=1** | **30=3** | **37=0** | **43=4** | **50=8** | **59=7** | **70=1** | **82=5** |
| | | ***छात्र*** | **20=4** | **25=6** | **28=5** | **35=2** | **41=4** | **48=8** | **57=5** | **68=0** | **80=6** |
| | | ***छात्रा*** | **25=3** | **29=4** | **32=9** | **39=5** | **45=9** | **53=4** | **62=1** | **72=4** | **84=4** |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.३ | **माध्यमिकतह (कक्षा ९-१२) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER)** | ***स्थानीय*** | **1=26** | **1=12** | **1=11** | **1=10** | **1=08** | **1=07** | **1=05** | **1=04** | **1=02** |
| ३.४ | **आधारभूततह बाट माध्यमिकतहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level)** | ***जम्मा*** | **29=4** | **34=25** | **39=91** | **46=51** | **54=20** | **63=17** | **73=62** | **85=79** | **99=98** |
| | | ***छात्र*** | **25=2** | | | | | | | | |
| | | ***छात्रा*** | **33=0** | | | | | | | | |
| ३.५ | **कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10)** | ***जम्मा*** | **77=9** | **80=2** | **82=5** | **84=9** | **87=3** | **89=9** | **92=5** | **95=2** | **97=9** |
| | | ***छात्र*** | **78=0** | **80=3** | **82=6** | **85=0** | **87=4** | **89=9** | **92=5** | **95=2** | **98=0** |
| | | ***छात्रा*** | **77=9** | **80=2** | **82=5** | **84=9** | **87=3** | **89=9** | **92=5** | **95=2** | **97=9** |
| **३.६** | ***कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%)*** | **स्थानीय** | **51=0** | **55=3** | **55=3** | **60=0** | **65=0** | **70=5** | **76=5** | **83=0** | **90=0** |
| **३.७** | **माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत** | स्थानीय | **34=5** | **35=5** | **36=6** | **37=7** | **38=8** | **40=0** | **41=2** | **42=4** | **43=7** |
| ३.८ | **जम्मा सामुदयिक बिद्यालयमध्ये कक्षा ९-१२ मा प्राबिधिक धार सहित सन्चालन गर्ने बिद्यालयहरुमा भर्ना भएका जम्मा बिद्यार्थी सङ्ख्या** | स्थानीय | **5=3** | **6=2** | **7=3** | **8=7** | **10=2** | **12=1** | **14=3** | **16=9** | **20=0** |
| | **सामुदायिक माध्यमिक बिद्यालयहरुमध्ये कक्षा ९-१२ मा बिज्ञान बिषयमाभर्ना भएका जम्मा बिद्यार्थी प्रतिशत** | स्थानीय | **8=3** | **9=4** | **9=4** | **10=7** | **12=1** | **13=7** | **15=5** | **17=6** | **20=0** |
| ३.९ | **कक्षा १० मा अध्ययनरत बिद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency)** | स्थानीय_Nepali | **63=0** | **65=9** | **68=9** | **72=0** | **75=3** | **78=7** | **82=3** | **86=1** | **90=0** |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानीय_English | **49=0** | **52=1** | **55=4** | **58=9** | **62=6** | **66=6** | **70=8** | **75=2** | **80=0** |
| | | स्थानीय_Math | **54=0** | **57=2** | **60=5** | **64=0** | **67=7** | **71=7** | **75=9** | **80=3** | **85=0** |
| | | स्थानीय_Science | **37=0** | **40=7** | **44=9** | **49=4** | **54=4** | **59=9** | **66=0** | **72=7** | **80=0** |
| ४ | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | |
| ४.१ | **५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या** | स्थानीय | **83=3** | **85=26** | **87=23** | **89=24** | **91=29** | **93=39** | **95=55** | **97=75** | **100=00** |
| ४.२ | **१५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या** | स्थानीय | **79=8** | **82=07** | **84=42** | **86=84** | **89=32** | **91=88** | **94=51** | **97=21** | **100=00** |
| ४.३ | **१५ देखि २४ बर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या** | स्थानीय | **99=1** | **99=20** | **99=31** | **99=42** | **99=54** | **99=65** | **99=77** | **99=88** | **100=00** |
| ४.४ | **१५ बर्ष र सो भन्दा माथिको साक्षर दरमा लैङ्गिक समता सूचांक** | स्थानीय | **0=82** | **0=84** | **0=87** | **0=89** | **0=91** | **0=93** | **0=95** | **0=98** | **1=00** |
| ५ | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५.१ | **प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%)** | स्थानीय | | | | | | | | | |
| ५.२ | **प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या)** | स्थानीय छात्रा | | | | | | | | | |
| | | स्थानीय छात्र | | | | | | | | | |
| **६** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | | | |
| | **सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR):-** | | | | | | | | | | |
| ६.१ | **बालविकास तथा पूर्व प्र.बि.मा (ECED)** | | **15** | **16** | **17** | **18** | **19** | **19** | **20** | **21** | **23** |
| ६.२ | **आधारभूततह (कक्षा १-५)** | | **8** | **10** | **11** | **12** | **14** | **16** | **18** | **21** | **24** |
| ६.३ | **आधारभूततह (कक्षा ६-८)** | | **29** | **30** | **30** | **31** | **32** | **33** | **34** | **34** | **35** |
| ६.४ | **आधारभूत (कक्षा १-८)** | | **14** | **15** | **17** | **19** | **20** | **23** | **25** | **27** | **30** |
| ६.५ | **माध्यमिकतह (कक्षा ९-१०)** | | **19** | **20** | **20** | **21** | **22** | **23** | **24** | **26** | **27** |
| ६.६ | **माध्यमिकतह (कक्षा ११-१२)** | | **18** | **19** | **21** | **22** | **23** | **24** | **25** | **27** | **28** |
| ६.७ | **माध्यमिक बिद्यालय (कक्षा ९-१२)** | | **19** | **20** | **21** | **22** | **23** | **24** | **25** | **26** | **28** |
| **७** | **शिक्षामा लगानी** | | | | | | | | | | |
| ७.१ | **कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%)** | स्थानीय | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७.२ | **आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा)** | स्थानीय | | | | | | | | | |
| ७.३ | **माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा)** | स्थानीय | | | | | | | | | |

### १.२.५ उल्लेख्य उपलब्धि तथा अन्तर (Gaps)

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ । विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धि र साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन् । सन् २०२४/२५ को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर क्रमशः १०८.२ प्रतिशत पुगेको छ भने आधारभूत शिक्षा (कक्षा १–५) मा कुल भर्ना दर र खुद भर्ना दर क्रमशः ९५.७ र ६८.४ रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा १–८) कुल र खुद भर्ना दर क्रमशः ९९.१ र ६६.६ प्रतिशत रहेको छ । अर्कोतिर कक्षा १ का जम्मा विद्यार्थी मध्ये कक्षा ५ तथा आधारभूत (कक्षा १-५) पुरा गर्ने दर ९०.७ रहेको छ र ९.३ प्रतिशतको हाराहारीमा कक्षा छाड्ने गरेको छ । कक्षा ८ सम्मको टिकाउ दर ९१.३ प्रतिशत मात्र रहेको देखिन्छ । यसरी भर्ना भएकामध्ये करिब ८.७ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ९.८ प्रतिशत ५–१२ वर्ष उमेर समूहका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म टिकाउनु जरुरी छ । माध्यमिक तह (कक्षा ९–१२) मा भने कुल र खुद भर्ना दर क्रमशः ५०.२ र २७.१ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (४९.८ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक निजी क्षेत्रबाट सञ्चालित विद्यालयको उल्लेख्य उपस्थिति पनि रहेको छ । सन् २०२४ को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल ५५७५ जना विद्यार्थी सङ्ख्याको मा २१८५ जना) निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा भर्ना भएका छन् । विद्यालयहरूको सङ्ख्याका आधारमा २८.५% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू कम विद्यार्थी छन् भने निजी क्षेत्रबाट संचालित बालबिकास कक्षामा विद्यार्थी देखिन्छन् । यसका हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका वालवालिका लक्षित कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले ४ वर्षका बालबालिकाको लागि कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् । त्यसै गरी आधारभूत (१–८) र माध्यमिक तह (९–१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७ र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन् ।

आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९९ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ । त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) र आधारभूत तह (कक्षा १–८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३, ५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसिहतको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय. सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँच भएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।

यसै गरी स्थानीय र प्रदेश तहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने, विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने, तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलव्धिमा देखा परेको अन्तर घटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

### १.३.३ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५ वर्षे (वि.सं. २०७३-२०७८) समयावधि २०७८ साल असार

मसान्तमा समाप्त भएको थियो । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीन तहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरू भयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा  निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना, वृहत् समावेशी गुरू योजना, सिकाइकालागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न  सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार, शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकका ढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पाऱ्यो । कार्यान्वयनसम्बन्धी  प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महुसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहित स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

### १.३.४ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन सँगै १५ वर्षे सहश्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ। फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारित दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" पुरा गर्न नरहा गाउँपालिकाले शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

### १.४ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

उल्लेखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन;
२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्षित गरी सञ्चालन गरिने कार्यक्रम भएता पनि बालविकास कक्षा संचालन नहुनु तथा चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;
३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता;
४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने;
५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास;
६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक–सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;
७. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;
८. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने, शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;
९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;
१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;
११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;

१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;

१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

१५. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;

१६. संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

१७. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

१८. विद्यालय व्यवस्थापन समिति सक्रियता, विद्यालयका समस्या समाधानमा तथा सुधारमा रचनात्मक भूमिका कायम गर्ने ।

१९. आर्थिक रुपले विपन्न तथा पिछडिएका वर्ग/समुदायका विद्यालय जाने उमेर समुहका (५ देखि १८ बर्ष सम्मका) बालबालिकाहरू विद्यालय बाहिर तथा बालश्रममा हुनु ।

२०. बालबालिकाहरूको सर्वाङ्गिक विकासका लागि अतिरिक्त पाठ्यक्रम गतिविधिहरू पहिचान, योजना तथा कार्यन्वयन गर्ने ।

२१. निरन्तर सिकाइका लागि सिकाई केन्द्र, सामुदायिक अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय, वाचनालयको विस्तार, स्तरोन्तीमा गर्ने।

### १.५ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

उल्लेखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्ः

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको ;

३. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्य तथा सहयोगको प्रतिबद्धता रहेको ;

४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको ;

५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको ;

६. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको ;

७. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने ;

८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको ;

९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;

१०. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;

११. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

### १.६ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको योजना निर्माणको नेतृत्व नरहा गाउँपालिकाको अध्यक्ष संयोजक रहेका शिक्षा योजना मस्यौद निर्माण समितिबाट भई गाउँपरिषदका सदस्यहरूबाट आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । शिक्षा योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन शिक्षा तथा खेलकुद शाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापन गर्ने गरी योजना निर्माणका लागि समग्र जन उत्थान केन्द्र लहानले गरेको थियो ।

यो योजना तयारीका क्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, वडा सदस्यहरू, गाउँपरिषदका सदस्यहरू, पालिकाक शिक्षा, स्वास्थ्य, कृषि, प्रविधि लगायतका शाखाहरू, शिक्षकहरू, प्रधानाध्यापक, विद्यार्थी, अभिभावक शिक्षक संघ, शिक्षा क्षेत्रका व्यक्तित्वहरू सँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । गाउँपालिकामा रहेका विद्यालय तथा शैक्षिक संस्थानहरूसँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा पाँचओटै वडा र केही गाउँटोट स्तरमा शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेका थिए । शिक्षा योजना निर्माणमा आवश्यक सामाजिक जनसांख्यिकी सूचनाहरू संकलन गरिएको थियो । शिक्षा योजना निर्माण प्रकृयामा पालिकाका प्रमुख लगायत विभिन्न पदाधिकारीहरूको सकृय सहभागी भई त्यसका सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो । यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो।

#### १.६.१ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

शिक्षा योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियोः

- **शिक्षा योजना निर्माण कार्यदल (ESP Development Task Force) :** नरहा गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा रहेको शिक्षा योजना निर्माण कार्यदल, शिक्षा शाखा, प्रविधि शाखा, योजना शाखा, विद्यालय, बालकल्व, किशोरी समूह, अभिभावक, कार्यपालिका सदस्याहरू लगायत पालिका स्तरीय सरोकारवालाहरूको प्रतिनिधित्व रहेको थियो ।

- **योजना प्राविधिक सल्लाह**: शिक्षा योजना निर्माणको क्रममा प्राविधिक सल्लाह गाउँपालिका अध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, प्रधानाध्यपक, शिक्षक, शिक्षिका, शिक्षा स्रोत केन्द्र लगायकतको सहभागिता रहेको थियो ।

- **प्रारम्भिक मस्यौदा निर्माण समूहहरू (Initial chapter drafting Teams):** यस गाउँपालिकामा शिक्षा सम्बन्धि परियोजना संचालन गरिरहेका समाजिक गैंर सरकारी संस्था समग्र जन उत्थान केन्द्र लहानका प्राविधिक स्रोत व्यक्ति तथा कर्मचारीहरू सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो ।

### १.६.२ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित गाउँपालिकाको टिमले काम गरेको थियो । यस क्रममा विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना प्राविधिक समिति, योजना प्राविधिक सल्लाहकार समूह तथा  योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

## परिच्छेद दुईः दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

### २.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको पालिकाको शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नरहा गाउँपालिकाको विद्यालय शिक्षाको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू ( Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

### २.२ दूरदृष्टि (Vision)

सभ्य, साक्षर, तथा शिपयुक्त नागरिकको माध्यमवाट आर्थिक तथा सामाजिक रुपान्तरण गरि सुखी र सम्बृद्ध गाउँपालिका हुने ।

### २.३ ध्येय (Mission)

नेपाली मूल्य र मान्यता सहितको एक्काइसौँ शताब्दी सुहाउँदो सक्षम नागरिक तयार गर्न गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी सबैको सहज पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने ।

### २.४ उद्देश्यहरू (Objectives)

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु ।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।
५. संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु ।
६. विद्यालयलाई भय, विभेद र दुर्व्यहारमुक्त तथा विविधता अनुकूल बनाई बालबालिकालाई बालमैत्री, अपांगता मैत्री तथा लैगिक मैत्री वातावरण प्रदान गर्नु ।
७. आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्ञ गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।
८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।
९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु ।

## २.५ रणनीतिहरू ( Strategies)

१. सबै बालबालिकाहरूको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुऱ्याउन पालिका, वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्शाङ्कनको आधारमा सुलभ दूरीमा विद्यालय व्यवस्थापन गर्ने ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री, अपांगमैत्री तथा लैगिकमैत्री  वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरूमा जोड दिने ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको  विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरूमा जोड दिने ।

४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूनर्वितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने ।

५. विद्यालयहरूमा सुशासन प्रबर्द्धन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरूमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रबर्द्धन मापक सूचकहरू निर्धारण गरी सुशासन प्रबर्द्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

६. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका लागि सक्षम जनशक्ति निर्माणमा जोड दिने ।

७. विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने ।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित  गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने ।

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्त्व दिने ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य (२०३०) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ ।

२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यनूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन् ।

३. माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुने।

१. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज (Learning Society) निर्माणमा योगदान हुने।

२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलब्धि हासिल हुने ।

३. विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पुरा गर्ने एउटा व्यक्ति दैनिक जीवनका लागि आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधिसम्बन्धी तथा गणितीयलगायतका सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध, रोजगार उन्मुख हुने।

४. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारुकेन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने।

५. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तर सुनिश्चत हुने ।

६. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने .

७. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने।

८. सबै विद्यालयमा आवश्यक सक्षमताका आाधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने।

**२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)**

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्नबमोजिम हुने छः

| क्र.सं. | सूचक | सूचकहरु को तहको | आधार वर्ष २०८२।८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | १०८.२ | १०७.८ | १०७.३ | १०६.८ | १०६.४ | १०५.९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ९४.५ | ९५.३ | ९६.१ | ९६.९ | ९७.६ | ९८.४ |
| आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ६४.०६ | ६८.२७ | ७२.८ | ७७.५ | ८२.६ | ८८.१ |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ९३.०१ | ९४.९६ | ९६.९ | ९९.० | १०१.१ | १०३.२ |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ६८.४ | ७२.२ | ७६.३ | ८०.५ | ८५.० | ८९.७ |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ९५.७ | ९७.३ | ९८.८ | १००.४ | १०२.० | १०३.७ |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९५.७ | ९७.३ | ९८.८ | १००.४ | १०२.० | १०३.७ |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | ८७.० | ८७.० | ८९.१ | ९१.२ | ९३.३ | ९५.५ |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९६.८ | ९७.२ | ९७.७ | ९८.१ | ९८.६ | ९९.० |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ९०.७ | ९१.६ | ९२.६ | ९३.५ | ९४.५ | ९५.४ |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २३.२ | २३.२ | १८.२ | १४.४ | ११.३ | ८.९ |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.१० | १.०९ | १.०८ | १.०७ | १.०६ | १.०६ |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ६६.६ | ६८.० | ७४.४ | ७८.७ | ८३.२ | ८७.९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | ९९.१ | ९८.५ | १०१.१ | १०२.२ | १०३.२ | १०४.३ |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ९१.३ | ९२.५ | ९३.७ | ९४.९ | ९६.२ | ९७.४ |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ८२.८ | ८४.४ | ८६.१ | ८७.८ | ८९.६ | ९१.३ |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५०.९ | ५४.३ | ५७.९ | ६१.८ | ६५.९ | ७०।३ |
| | | गणित | स्थानीय | ६३.९ | ६६.५ | ६९.३ | ७२.२ | ७५.२ | ७८।३ |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५९.४ | ६३.१ | ६६.९ | ७१.० | ७५.३ | ७९।९ |
| | | गणित | स्थानीय | ७०.० | ७२.५ | ७५.२ | ७७.९ | ८०.८ | ८३।८ |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ | नेपाली भाषा | स्थानीय | ६०.० | ६३.६ | ६७.४ | ७१.४ | ७५.६ | ८०।१ |
| | | गणित | स्थानीय | ४६.४ | ५०.१ | ५४.२ | ५८.६ | ६३.३ | ६८।५ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | विज्ञान | स्थानीय | | | | | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | ७.८ | ७.८ | ४.७ | २.८ | १.७ | १।० |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ९.८ | ९.७ | ७.९ | ६.९ | ६.० | ५।० |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ६४ | ६४ | ६४ | ६४ | ६४ | ६५ |
| माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | २७।१ | ३०.३ | ३७.० | ४३.४ | ५०.८ | ५९.७ |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | ५५।१ | ५८.० | ६४.० | ६९.० | ७४.६ | ८०.८ |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | १.१२ | १.११ | १.१० | १.०८ | १.०७ | १.०५ |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | ३४।२५ | ३९.९१ | ४६.५१ | ५४.२० | ६३.१७ | ७३.६२ |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | ८०।२ | ८२.५ | ८४.९ | ८७.३ | ८९.९ | ९२.५ |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | ५५।३ | ५५.३ | ६०.० | ६५.० | ७०.५ | ७६.५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | ३५।५ | ३६.६ | ३७.७ | ३८.८ | ४०.० | ४१.२ |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | ९.४ | १०.७ | १२.१ | १३.७ | १५.५ |
| | | | प्रा.व्या. | ७.३ | ८.७ | १०.२ | १२.१ | १४.३ |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (%) | नेपाली भाषा | स्थानीय | ६८.९ | ७२.० | ७५.३ | ७८.७ | ८२.३ |
| | | गणित | स्थानीय | ६०.५ | ६४.० | ६७.७ | ७१.७ | ७५.९ |
| | | विज्ञान | स्थानीय | ४४.९ | ४९.४ | ५४.४ | ५९.९ | ६६.० |
| | | अङ्ग्रेजी | स्थानीय | ५५.४ | ५८.९ | ६२.६ | ६६.६ | ७०.८ |
| जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ८२.०७ | ८४.४२ | ८६.८४ | ८९.३२ | ९१.८८ | ९४.५१ |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ८५.२६ | ८७.२३ | ८९.२४ | ९१.२९ | ९३.३९ | ९५.५५ |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ९९.२० | ९९.३१ | ९९.४२ | ९९.५४ | ९९.६५ | ९९.७७ |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.८४ | ०.८७ | ०.८९ | ०.९१ | ०.९३ | ०.९५ |
| सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १० | ११ | १२ | १४ | १६ | १८ |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थीःशिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३० | ३० | ३१ | ३२ | ३३ | ३४ |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थीःशिक्षक | स्थानीय | १५ | १७ | १९ | २० | २३ | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुपात (सामुदायिक विद्यालय) | | | | | | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २० | २० | २१ | २२ | २३ | २४ |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १९ | २१ | २२ | २३ | २४ | २५ |

## परिच्छेद तीनः विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

नरहा गाउँपालिकाले निर्माण गरिएको यस शिक्षा क्षेत्रको योजना सन् २०२५-२०३३ का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र उपलब्धिहरू आकलन गरी पहिलो पाँच वर्षका अर्थात् सन् २०२५-२०२९ लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ । पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

तेश्रो परिच्छेदमा विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू: बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरी उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ वर्तमान अवस्था

नरहा गाउँपालिकाको सामुदायिक विद्यालयमा आधारित १२ वटा, र निजि विद्यालयमा आधारित ४ वटा गरी जम्मा १६ वटा प्रारम्भिक बालविकास केन्द्रहरू संचालनमा रहेको छ । जसमा सामुदयिक प्रारम्भिक बालविकास केन्द्रहरूमा जम्मा बालक १९० र बालिका १९२ गरि जम्मा ३८२ जना अध्ययनरत छन् । त्यसै गरी निजी क्षेत्रका प्रारम्भिक बालविकास केन्द्रहरूमा बालक ३७६ र बालिका २०१ जना रहेका छन्। बालविकासमा भर्ना दर १०८.२ रहेको छ जस्मा छात्र ११३.२ र छात्रा १०३ प्रतिशत रहेको छ । बालविकास उतिर्ण गरेका बालबालिकाहरू मध्ये ९४.५ प्रतिशत बालबालिकाहरूले १ कक्षामा भर्ना भएका छन् । सामुदायिक विद्यालयमा आधारित १२ वटै प्रारम्भिक बालविकास केन्द्रहरूमा १५ जना महिला शिक्षकहरू कार्यरत रहेका छन्।
यसरी हेर्दा यस गाउँपालिकामा कार्यरत सबै सहजकर्ताहरू नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा गरेको देखिन्छ । कार्यरत बालविकास सहजकर्ताहरू मध्ये ६ जना सहजकर्ता तालिम प्राप्त गरेको देखिन्छ । भौतिक रूपमा हेर्दा प्रारम्भिक बालविकाससम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका, २०६७ (पहिलो संशोधन २०७५) अनुसार यस पालिका अन्तर्गत १२ वटै बालविकास केन्द्रको न्यूनतम् मापदण्ड पुरा गरेको देखिनदैन । प्राय बालविकास केन्द्रहरू बालमैत्री, अपाङ्गता मैत्री, लैङ्गिक मैत्री पूर्णरुपले बन्न सकेका छैनन् । एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल बढाई पेशामा क्रियाशील बनाउन पारिश्रमिकमा न्यूनता छ भने अर्कातिर उनीहरूका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन ।
प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरु -

१. १२ वटा प्रारम्भिक बालविकास केन्द्रमा न्यूनतम् मापदण्ड पूरा नभएको ।
२. बाल विकास केन्द्रमा खुद भर्ना दर ८४.८५ प्रतिशत रहेको ।

३. ८० प्रतिशत सहजकर्ताहरुलाई क्षमता बिकासको आबश्यकता भएको ।
४. सहजकर्ताहरुको पारिश्रमिक वृद्धिवृत्ति विकास र क्षमता विकासमा न्यूनता रहेको ।
५. बालिका तथा समावेशी शिक्षा  कार्यान्वयन नभएको ।
६. निश्चित र स्थानीय परिवेश तथा बहुभाषिक पाठयक्रमको निमार्ण नभएको ।
७. पोषण, स्वस्थ दिवा खाजाको उचित व्यवस्थापन नभएको ।
८. अभिभावकको सहभागितामा कमी भएको तथा बालविकास प्रति संचालन व्यवस्थापनमा उत्सुक्ता नदेखिएको ।

### ३.१.२ उद्देश्य

यस नरहा गाउँपालिकाका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो । यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेका छनः

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्नु ।
२. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु ।
३. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।
४. बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु ।
५. अभिभावक सचेतना र सहभागितालाई वृद्धि गराउनु ।
६. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामुलक पहुँच र सहभागिता सुनिश्चित गर्ने।

### ३.१.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरुः

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
२. बालविकास केन्द्रको नक्साकङ्कन र पुननर्वितरण गरी गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइनेछ ।
३. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ ।
४. गर्भवती र नवजात शिशु पोषणका बारेमा ध्यान दिन प्रत्येक वर्ष २ पटक अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
५. भौगोलिक बसोबासका अधारमा अपाङ्गता भएका बालबालिका तथा सिमान्तकृत बालबालिकाको पहुँच सुनिश्चत गर्ने ।
६. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता बृद्धि गर्ने ।
७. प्रारम्भिक बालविकास शिक्षकको क्षमता अभिबृद्धि गर्न टी. पी. डी. १ र २ सञ्चालन गर्ने ।
८. बालविकास केन्द्रको भित्री र बाह्य संरचना शैक्षिक गुणस्तरीय र समावेशी बनाउने ।

९. प्रारम्भिक बालविकास शिक्षालाई राष्ट्रिय पाठयक्रम प्रारुपमा आधारित गराई न्यूनत्तम सिकाई कार्य घण्टा सुनिश्चित गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

क) सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।

ख) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष २०८२।८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना प्रतिशत | ८५.८५ | ८८.४१ | ९०.२४ | ९२.११ | ९४.०२ | ९५.९८ |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ० | ६८.०९ | ७२.५९ | ७७.४० | ८२.५२ | ८७.९८० |
| ३ | नयाँ बालविकास केन्द्र स्थापना | १२ | ० | १ | ० | ० | ० |
| ४ | अपाङ्गता भएका बालबालिकाहरुको पहिचान | १.३४ | २.३३ | ३.०७ | ४.०६ | ५.३६ | ७.०७ |
| ५ | प्रारम्भिक कक्षामा भर्ना भएका मध्ये दलित बालबालिका प्रतिशत | ११.१८ | १२.३२ | १२.३२ | १२.३२ | १२.३२ | १२.३२ |
| ६ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | ०.९० | ०.९२ | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ |

### ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप (उदाहरण) | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएका न्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | वटा | ४ | ४ | ४ | १ | ० | १३ | |
| २ | बालविकास सहजकर्ताका लागि टी.पी.डी. १ र २ तालिम | पटक | १ | | | १ | | २ | |
| ३ | मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा बालमैत्री खानेपानी र शौचालय ब्यबस्थापन | पटक | ७ | ८ | ८ | ८ | ८ | ७ | |
| ४ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक | १३ | १३ | १३ | १३ | १३ | १३ | सबै विद्यालयमा प्रारम्भिक देखि ५ कक्षा सम्म व्यवस्था गर्ने |
| ५ | बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | संख्या | | | | | | | अपाङ्गा पत्ता लागेका सबै बालबालिकालाई |
| ६ | पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत बार्षिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | पटक | १ | १ | १ | १ | १ | १ | सबै विद्यालयमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | वटा | ५३५ | ५४० | ५४६ | ५५२ | ५५८ | ५३५ | |
| ८ | प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना अभियान र स्वागत कार्यक्रम | पटक | १३ | १३ | १३ | १३ | १३ | | सबै विद्यालयको लक्षित समुदायमा |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | १३ | १३ | १३ | १३ | १३ | | सबै विद्यालयको लक्षित समुदायमा |
| १० | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषाको प्रयोग | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | | सबै विद्यालयम |

## ३.२ आधारभूत शिक्षा

नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठ सम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६ देखि २०७२ ले विधालय शिक्षाको पुर्नसंरचना गरेर कक्षा १- ८ लाई आधारभूत शिक्षा, कक्षा ९- १२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनिय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाएका छन्। संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ। आधारभूत तहको शिक्षाको महत्त्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रूपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि नरहा गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षाअन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रवन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.२.१ वर्तमान अवस्था

यस नरहा गाउँपालिकामा जम्मा २१ वटा विद्यालय रहेका छन। जसमा सामुदायिक १३, निजि ६ र मदर्सा २ वटा रहेका छन्। पालिकामा आधारभूत तह (१-५ कक्षा) २१ वटा र १-८ कक्षा सम्म ५ वटा रहेका छन्। निजि विद्यालय तर्फ ३ वटा र सामुदायक तर्फ २ वटा रहेका छन्।

आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरूः

१. सामूदायिक आधारभूत विद्यालयमा निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।
२. खुद भर्ना दर ९५.३ बाट बृद्धि गर्नु पर्ने।
३. सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने।
४. विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री, बालमैत्री बनाउने।
५. विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने।
६. प्रकोप जोखिमको समयमा बालबालिकाकोस सिकाई निरन्तरता दिने ।
७. सूचना तथा सञ्चार प्रविधिमा दक्षता वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने।

### ३.२.२ उद्देश्य

यस शिक्षा योजनाले आधारभूत शिक्षासँग सम्बन्धित निम्नलिखित उद्देश्यहरु राखेका छन्

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गर्नु।
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
३. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु।
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु।

### ३.२.३ रणनीति

आधारभूत शिक्षाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवबलम्बन गरिनेछः

१. विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।
२. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरूको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।
३. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने।
४. प्रारम्भिक कक्षाहरूमा पठन तथा गणितीय सीप प्रबर्द्धन गर्ने।
५. सबै विद्यालयहरूमा प्राथमिकताप्राप्त न्यूनतम सक्षमता पुरा गराउने।
६. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने।

७. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने।
८. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने।
९. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।
१०. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने।
११. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने।
१२. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने।
१३. विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने।
१४. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने।
१५. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने।
१६. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने।
१७. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने।
१८. विद्यालयहरूमा बालउद्यान, करेसाबारी, फूलबारी, वृक्षारोपण, जस्ता कार्यक्रमहरू समावेस गर्ने।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

क) अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुनेछ।

**नतिजा**

| क्रस | सूचक | आधार वर्ष २०८२।८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ७.८ | ७.८ | ४.७ | २.८ | १.७ | १.० |
| २ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी संख्या | २८३२ | २८३४ | २७८७ | २७८८ | २७८१ | २७४६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | तालिम प्राप्त शिक्षकको सँख्या | २५२ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ४ | महिला शिक्षक संख्या | १६० | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५ | स्थानीय पाठयक्रमको कार्यन्वयन | १३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | ० | ५ | ५ | ३ | ० | ० |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | | | १ | २ | योजना अवधिभरिमा |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | | | १ | २ | |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | १३ | प्रत्येक बर्षमा |
| ४ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय | | ५ | | ४ | | ४ | अवधिमा सबै विद्यालयम |
| ५ | स्थानीय पाठ्यक्रमको कार्यान्वयन | विद्यालयम | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ९ | आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ | | २९ | २९ | २९ | २९ | २९ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | | | | | | | | |
| १५ | Early Grade Learning (EGL) program को न्युनतम package कार्यक्रम व्यवस्थापन र संचालनका लागि बिद्यालयहरुलाई बजेट अनुदान | | ६९ | ६९ | ६९ | ६९ | ६९ | | |
| | पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा बिद्यालय स्वस्थ्य कार्यक्रम सन्चालन अनुदान | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | | सबै विद्यालयमा |
| | आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | | |
| | अपाङ्गताभएकाहरुको प्रारम्भिक पहिचान गर्ने | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | | सबै विद्यालय |
| | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण | विद्यार्थी संख्या | | | | | | | सबै किशोरी छात्रा |
| | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | | |
| | बिद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन | विद्यालय | २ | | | | | | |
| | समता रणनिति कार्यन्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा बिद्यालय | संख्या | | | | | | | विद्यालय बाहिर रहेका सबै |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याई उनीहरूको शिक्षालाई निरन्तरता दिन | | | | | | | | |
| | SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | सबै विद्यालयमा |
| | सिकाइ सामग्री व्यवस्थापन | विद्यालय | | | | | | | सबै विद्यालय |

## ३.३ माध्यमिक शिक्षा

शिक्षा ऐन २०२८ ले कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षाको रूपमा राखेको छ। नेपालको संविधानले २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत, प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमताअनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। नरहा गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

नरहा गाउँपालिका कक्षा १ देखि १० सम्म सञ्चालित ४ वटा विद्यालय, र कक्षा १ देखि १२ सम्म सञ्चालित २ वटा विद्यालय रहेका छन्। जसमध्ये निजि २ वटा र सामुदायिक २ वटा विद्यालयहरू रहेका छन्। ती मध्ये प्राविधिक विद्यालय १ वटा रहेका छन् जसमा कम्पूटर प्रविधि शिक्षाका विषयहरू अध्यापन हुने गरेको छ।

माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरूः

१. खुद भर्ना दर २७.१ प्रतिशत मात्र हुनु ।
२. सबै विद्यालयमा अपर्याप्त भौतिक संरचना हुनु ।
३. माध्यमिक तहका सबै शिक्षकहरू पेशागत तालिम प्राप्त नहुनु ।
४. अपाङ्गता भएका बालबालिकाहरूको पहिचान हुन नसक्नु र विद्यालयको भौतिक ताथ शैक्षिक वतावरण बालमैत्री, अपाङ्गमैत्री नहुनु ।
५. विद्यालयमा व्यवस्थापन समिति नहुनु तथा अभिभावक शिक्षक संघ नहुनु ।
६. माध्यमिक विद्यालयमा बालक्लव पुर्नगठन हुन नसक्नु ।
७. विद्यालयममा पुस्तकालयको व्यवस्था नहुनु र त्यसको प्रयोग नहुनु ।
८. विद्यालयममा गुनासो सुनवाई समिति गठन नहुनु ।
९. निःशुल्क माध्मिक शिक्षाको पहुँच सबैमा नहुनु र कर्यान्वियन कमजोर हुनु ।
१०. विद्यार्थीको सिकाइ गुणस्तर र सिकाइ उपलब्धिमा कमि हुनु ।

### ३.३.२ उद्देश्य

१. माध्यमिक शिक्षामा सबैको नि:शुल्क पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु ।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउनु ।
३. माध्यमिक शिक्षामा खुद भर्नादर तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउनु ।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी प्रतिस्पर्धी सीपयुक्त एवं उत्पादनसिल जनशक्ति विकास गर्नु ।

### ३.३.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाउने रणनीतिहरु निम्नानुसार छन्

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
३. विद्यालय वाहिर रहेका बालबालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।
४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
५. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।
६. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने ।
७. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने ।
८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।
९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने ।
१०. विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।

११.कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गर्ने ।

१२.सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।

१३.आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### ३.३.४ प्रमुख उपलब्धि तथ नतिजा

**उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

**नतिजा**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य नतिजाहरू तथा परिमाणात्मक लक्ष्य तलको तालिका अनुसार हुनेछः

| क्रस | सूचक | आधार वर्ष २०८२।८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१२) मा भर्ना भएका विधार्थी प्रतिशत | ५०.२९ | ५८.० | ६४.० | ६९.० | ७४.६ | ८०.८ |
| २ | बिज्ञान बिषयमा अध्यनरत विधार्थी प्रतिशत | ४०.७ | ४४.९ | ४९.४ | ५४.४ | ५९.९ | ६६.० |
| ३ | न्यूनतम सिकाइ सवलिकरण मापदण्ड (MEC) पुरा गरेका माध्यमिक विधालय सङ्ख्या | १ | ० | ० | ० | ० | १ |
| ४ | निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्नादर | २७.१ | ३०.३ | ३७.० | ४३.४ | ५०.८ | ५९.७ |
| ५ | माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार | १ | ० | ० | ० | ० | ० |
| ६ | विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग | १ | ० | १ | ० | ० | ० |
| ७ | बाल क्लव पुर्नगठन | २ | ० | ० | ० | ० | ० |
| ८ | पुस्तकालय व्यवस्थापन तथा परिचालन | १ | ० | १ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | गुनासो सुनुवाई समिति गठन तथा परिचालन | ० | ५ | ८ | ० | ० | ० |
| १० | माध्यमिक तह मा जम्मा शिक्षक | | | | | | |

### ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | माध्यमिक तहसम्म संचलित बिद्यालयहरूको सङ्ख्या | संख्या | २ | ० | ० | ० | ० | २ | २ | |
| २ | सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | | सबै विद्यालय मा |
| ५ | माध्यमिक बिद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाई सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी, बिद्धुत महशुल, आदि) | | १३ | १३ | १३ | १३ | १३ | १३ | | |
| ६ | माद्यमिक बिद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | | १३ | १३ | १३ | १३ | १३ | १३ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | संख्या | ६१९ | ६१९ | ६१९ | ६१९ | ६१९ | ६१९ | | |
| ८ | माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | संख्या | ३१४ | ३१४ | ३१४ | ३१४ | ३१४ | ३१४ | | |
| ९ | माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | संख्या | ६० | ६८ | ८० | ८७ | ९३ | ९९ | | छनौट भएका सबै विद्यार्थी |
| १० | माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | संख्या | ३८ | ४१ | ४४ | ४७ | ५० | | | छनौट भएका सबै विद्यार्थी |
| ११ | कक्षा ५-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | संख्या | ४३७ | ४४६ | ४९९ | ४६९ | ४९५ | | | ६ देखि १२ कक्षाका सबै छात्राहरू लाई |
| १२ | माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | संख्या | १ | १ | | | | | | पालिकाको दुबै माध्यमिक विद्यालय मा |
| १३ | माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | संख्या | | १ | १ | | | | | माध्यमिक दुबै विद्यालय मा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | ध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | संख्या | १ | १ | | | | | | |
| १५ | नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | संख्या | १ | ० | ० | ० | ० | | | |
| १६ | नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा Master Plan कार्यान्वयन (पुस्तकालय व्यवस्थापन, ICT र बिज्ञान प्रयोगशाला, समाग्री र किट्सहरू, आदि) का लागि बजेट अनुदान | संख्या | १ | ० | ० | ० | ० | | | |
| १७ | कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रत्ति बिद्यार्थी सिकाई सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सन्चालन खर्च बापतको बजेट अनुदान | संख्या | ४९ | ४९ | ४९ | ४९ | ४९ | | | |
| १८ | कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | संख्या | १ | | | | | | | |
| | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, वास सहितको शौचालय, खानेपानीमा सुधार | संख्या | १ | १ | | | | २ | २ | दुवै माध्यमिक विद्यालय मा |
| | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम | संख्या | | | | | | | | सबै विद्इमलय मा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रकोप तथा जोखिम न्युनिकरण सम्बन्धी सचेतना | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | प्रत्येक विद्यालय मा |

### ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

मानब जीवनमा सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन्। समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरूमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरूको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिक र अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ। त्यसैले त् भन्छ अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो।

औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दछ। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरिमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो। गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन। जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो।

### ३.४.१ वर्तमान अवस्था

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार नरहा गाउँपालिकामा ६०.९ प्रतिशत साक्षर रहेको छ जसमध्ये महिला ५२.३ प्रतिशत र पुरूष ६९.८ प्रतिशत रहेका छन्। राष्ट्रिको साक्षरता प्रतिशत भन्दा कम साक्षरता प्रतिशत यस नरहा गाउँपालिकाको रहेको देखिन्छ। यस पालिकामा ३८.९ प्रतिशत जनसंख्या निरक्षर रहेका छन्। प्रत्येक वडाहरूमा भएका निरक्षरहरूलाई साक्षर गराउनको लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र र नरहा पालिकाको साझेदारीमा साक्षर कक्षा सञ्चालन गरी तोकिएको मापदण्ड अनुसार मूल्याङ्कन गरी नरहा गाउँपालिकालाई साक्षर घोषणा गर्ने कार्यक्रम रहेको छ।
अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू निम्न बमोजिम पहिचान गरिएको छः

१. नरहा गाउँपालिकामा अझै ३८.९ प्रतिशत जनसंख्या निरक्षर हुनु।
२. अनौपरारिक शिक्षा तथा आजीवन सिकाइमा सबैको सहज र सर्वसुलभ पहुँच नहुनु।
३. साक्षरता, निरन्तर सिकाई, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन नहुनु।
४. मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण, प्रर्वद्धन जस्ता क्रियाकलापहरू संचालन नहुनु।
५. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न नसक्नु।
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि मापदण्ड नहुनु।

७. अनौपचारिक शिक्षाको पठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास नहुनु।

**३.४.२ उद्देश्य**

यस शिक्षा योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नानुसारका उद्देश्यहरू राखका छन्

१. साक्षर नरहा गाउँपालिकाको रूपमा विकास गर्नु र सक्षरतालाई सीप विकाससँग जोडनु ।
२. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।
३. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

**३.४.३ रणनीति**

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले निम्न रणनीतिहरु अपनाएको छः

१. सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने ।
२. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने ।
३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।
४. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने ।
५. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।
६. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
७. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने ।

**३.४.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन् ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष २०८२।८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | अनौपचारिक शिक्षा संचालन भएको केन्द्र सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| २ | आधारभूत सुविधा सम्पन्न सामुदायिक | ० | २ | ३ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सिकाई केन्द्रको सङ्ख्या | | | | | | |
| ३ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | ० | ० | | |
| ४ | विज्ञ समूह निर्माण र परिचालन | १ | १ | १ | १ | १ | |
| ५ | साक्षर वडा घोषण | | | ५ | | | |
| ६ | साक्षर नरहा पालिका घोषणा | | | | | | १ |

### ३.४.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको विवरण संकलन | पटक | १ | | | | | | | |
| २ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | कक्षा | ५ | ५ | ५ | ५ | ५ | | | सबै केन्द्रहरू |
| ३ | हाल सन्चालनमा रहेका सामुदायिक अध्ययन केन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था | संख्या | ५ | ५ | ५ | ५ | ५ | | | |
| ४ | CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका | संख्या | ५ | ५ | ५ | ५ | ५ | | | |
| ५ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | | | १ | | | | | |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | संख्या | १ | | | १ | | | | गाउँपालिका |

### ३.५ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम

बिद्यालय स्तरको शिक्षाले सीप सिकाउन सकेन र बेरोजगार उत्पादन गर्ने थलोमात्र भयो भन्ने गुनासो अहिले सर्वत्र सुनिने गरेको छ । यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था

गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरु संचालन गरिरहेको छ । तर प्राविधिक तथा व्यवसायिक शिक्षाका यस्ता अवसरहरु सिमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केहि गर्न पुँजि लगायत अन्य अवरोधहरु रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरु पनि सुनिन थालेका छन् ।
अर्कोतिर कक्षा ६-८ को पाठ्यक्रममा राखिएको पेशा, व्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरुमा पेसा,व्यवसाय र प्रविधि प्रति रुचि जगाएर नरम सीपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरु त्यति सजग भएको देखिदैन । यस्तो अवस्थामा कक्षा ८ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्ता व्यक्तिहरुका लागि गाउँपालिकाले रोजगारमुलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो ।

**३.५.१ वर्तमान अवस्था**

सिरहा जिल्लामा माध्यमिक तहको शिक्षा विस्तारसँगै प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ पनि विद्यार्थीको आकर्षण बढ्दै गएको देखिन्छ। जिल्लाका विभिन्न स्थानीय तहमा माध्यमिक तहका विद्यालयहरू सञ्चालनमा रहेका छन् भने केही विद्यालयहरूमा प्राविधिक धारअन्तर्गतका कार्यक्रमसमेत सञ्चालन भइरहेका छन्। प्राविधिक शिक्षाले विद्यार्थीलाई सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक तथा सीपमूलक ज्ञान प्रदान गर्ने भएकाले बालबालिकाहरूमा यसप्रति पढ्ने रुचि बढेको पाइन्छ। विशेषगरी कक्षा ९ देखि १२ सम्म प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीहरूमा सीप तथा रोजगारमुखी शिक्षाप्रति सकारात्मक आकर्षण रहेको देखिन्छ। आगामी दिनमा जिल्लामा प्राविधिक शिक्षाको पहुँच विस्तार, आवश्यक जनशक्ति तथा प्रयोगशाला व्यवस्थापन र गुणस्तरीय शिक्षण सिकाइको सुदृढीकरण गर्नुपर्ने आवश्यकता रहेको छ।

**प्रविधि शिक्षामा देखिएका विद्यामान चुनौतीहरूः**

१. प्राबिधिक विद्यालयले आधारभूत मापदण्ड पूरा गर्न नसकेको ।
२. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित नभएको ।
३. प्राविधिक धारतर्फको शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल हुन् नसकेको ।
४. प्राविधिक धारतर्फको शिक्षा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण नभएको ।
५. प्राविधिक धारतर्फको जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुननसकेको ।

**३.५.२ उद्देश्यहरू**

व्यवसायिक तथा प्राविधिक शिक्षामा सहभागी हुन् इच्छुक भएका किशोर किशोरी तथा युवा युवतिहरुलाई रोजगार तथा स्वरोजगार हुन र विद्यालय शिक्षाबाट बाहिर आएका तथा आउन सक्नेलाई लामो तथा छोटो अवधिको व्यवसायिक र प्राविधिक सीपको तालिम प्रदान गर्ने ।

**३.५.३ रणनीति**

१. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद सानोठिमी भक्तपुरसँग समन्वय गरेर हाल संचालनमा रहेको १ वटा प्राबिधिक धारको बिद्यालयलाई ब्यबस्थित गर्ने ।

२. गाउँपालिकाका बेरोजगार युवाहरुलाई समय समयमा स्थानीय तहमा उपलब्ध भएका तथा बाहिरबाट बोलाइएका श्रोतव्यक्तिबाट रोजगार परामर्स दिने व्यवस्था गर्ने ।
३. स्थानीय स्तरमा स्वरोजगार हुन चाहनेहरुलाई पुँजि व्यवस्था तथा अन्य काममा सहयोग गर्ने ।

**३.५.४ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

१. प्राविधिक धारतर्फको शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुनधर हुने ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने बिधालय सङ्ख्या | १ | ५ | ८ | १० | १५ | १८ |
| २ | माध्यमिक तहमा प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विधार्थी सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० |

**३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | प्रमख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य बर्ष ५ | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | माध्यमिक तहमा शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने बिधार्थीको तथ्याँक संकलन तथा खण्डीकृत डाटाबेस तयार | पटक | १ | ० | ० | ० | ० | १ | पालिका |
| २ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ५ | पालिका CTEVT |
| ३ | बिधर्थिका लागि छात्रवृतिका अवसर | निरन्तर | | | | | | | गाउँपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राबिधिक शिक्षा संचालन गरेको बिद्यालयलाई आबश्यक भौतिक संरचना विस्तार | संख्या | ० | १ | ० | ० | ० | १ | संघ गाउँपा लिका |
| ५ | प्राबिधिक शिक्षा संचालन गरेको बिद्यालयलाई शैक्षिक सामग्री तथा पुस्तकालय ब्यबस्थापन | संख्या | ० | १ | ० | ० | ० | १ | संघ गाउँपा लिका |

### ३.५ अन्य उपक्षेत्रहरू

स्थानीय तहरूले माथि उल्लेखित पाचँ उपक्षेत्र बाहेक शिक्षाका अन्य उपक्षेत्रहरूलाई पनि आफ्नो शिक्षा योजनामा समेट्न सक्दछन् । उदाहरणका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका वा गर्न इच्छुक पालिकाले सोसम्बन्धी उपक्षेत्र थप गर्न सक्छन् । त्यसैगरी उच्च शिक्षा तथा जनशक्ति विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका वा गर्न इच्छुक पालिकाले सोसम्बन्धी उपक्षेत्र थप गर्न सक्छन् । यसो गर्दा माथिकै ढाँचामा सो उपक्षेत्र सम्बन्धी योजनाको विकास गर्न सकिन्छ ।

## परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायतका क्षेत्रहरुको वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ। यसैगरी परिच्छेद चारमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम, बिद्यालय सुरक्षा, बिपत न्यूनीकरण तथा उत्थानशिलता, विद्यालय भौतिक पूर्वाधार विकास र विद्यालयमा सुचना तथा संचार प्रबिधिजस्ता खण्डहरुको अबधारणा, वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको तयार गरिएकोछ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरू, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरी बालबालिकाका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरूप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रूपमा सान्दर्भिक र समयसापेक्ष हुनुपर्छ। जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रूपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो।

स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रूपमा लिइन्छ।

#### ४.१.१ वर्तमान अवस्था

नरहा गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको छ। यस गाउँपालिकाले यसै बर्ष देखि आधारभूत तह १-८ को लागि स्थानीय पाठयक्रम लागु गरेको छ। स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरूलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बन्धित बिषयबस्तुलाई एकिकृत गरि व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी

सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम, स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरूप हुने गरेको छ।

**पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः**

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकासमा सुधार गर्नु पर्ने।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्नुपर्ने।
३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु पर्ने।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग हुनुपर्ने।
५. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता हुनु पर्ने।
६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोगको व्यवस्था हुनु पर्ने।
७. स्थानीय पाठ्यक्रम कार्यान्वयनमा जोड दिनु पर्ने।

### ४.१.२ उद्देश्य

यस शिक्षा योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेका छन्

१. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध नरहा गाउँपालिका निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु।
२. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चलन गर्नु।
३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।
४. सिकारूका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु।

### ४.१.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने।

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गर्ने ।
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने ।
४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।
६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गर्ने ।
७. विद्यालमा आधारित सहयोग पद्धति विकास गर्ने ।
८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।
९. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने ।
१०. स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
११. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुहरुलाई प्राथमिकताका साथ समावेश गर्ने ।
१२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।
१३. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश गरिनेछ ।
२. स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष २०८२।८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागू गरेका विद्यालय सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | १३ | १३ | १३ | १३ | १३ | १३ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | १३ | १३ | १३ | १३ | १३ | १३ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | १ | १ | ५ | ३ | ३ | १ |
| ६ | शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष गर्ने विधालय सङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |

### ४.१.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०२७६ को कार्यन्वयन | कक्षा/विषय | १३ | १३ | १३ | १३ | १३ | | |
| २ | पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार र बिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | कक्षा/विषय | १३ | १३ | १३ | १३ | १३ | | |
| ३ | सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने | कक्षा/विषय | १ | | | | | | गा.पा. |
| ४ | आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | | ५ | ५ | ५ | ५ | ५ | २५ | संघ र प्रदेशबाट |
| ५ | आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकन र तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने | | १३ | १३ | १३ | १३ | १३ | १३ | सबै विद्यालयमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाई सामग्रीहरुको विकास र कार्यान्वयन गर्ने | | | | १ | | | | एउटा विद्यालय |
| ७ | बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य बिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | | | १ | | | १ | २ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

**परिचय**

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रूपमा शिक्षक रहन्छन् । सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरूबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ । शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रबर्द्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस नरहा गाउँपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ ।

### ४.२.१ वर्तमान अवस्था

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रूपमा शिक्षक रहन्छन् । शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वी.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । शिक्षा ऐन, २०२८ (संशोधनसहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा आयोग नियमावली, २०५७ मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षा शास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे वी.एड.गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ । यसै गरी माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ । शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षक सेवा आयोगले गर्दै आएको छ । यस पालिकामा  शिक्षक बिधार्थी अनुपात १:१५५ रहेको छ । त्यसैगरी माध्यमिक तहमा शिक्षक बिधार्थी अनुपात १:१५७ रहेको छ ।

शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरू निम्न बमोजिम छन् -

१. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित हुन् नसक्नु ।
२. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्न नसक्नु ।
३. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउन नसक्नु ।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित नहुनु ।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार नहुनु ।
६. तहगत रूपमा परीक्षा सञ्चालन गरी अग्रिम रूपमा स्वयम्सेवक शिक्षक सूची प्रकाशन नगर्नु ।
७. शिक्षक विद्यार्थी अनुपात नमिल्नु ।
८. समय सापेक्ष शिक्षकलाई क्षमता बिकासमा पहल नहुनु ।
९. समयसापेक्ष दरबन्दी मिलन नहुनु ।
१०. बिषयगत दरबन्दी अपुग हुनु ।

### ४.२.२ उद्देश्य

शिक्षक व्यवस्थापन र विकाससँग सम्बन्धित पालिकाकाले देहाय बमोजिमका उद्देश्यहरु राखेका छन्

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुर्याउनु ।
२. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ।

### ४.२.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले निम्नानुसारको रणनीतिहरु अपनाउने छन्

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।
२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।

३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।
६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष २०८२।८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ४ | ४ | १५ | १५ | १५ | १५ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १० % | ४० % | ६० % | ७० % | ८० % | ९० % |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | ० | ४५ % | ५६ % | ८० % | ९० % | १० % |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ० | ३० % | ५० % | ६० % | ७० % | ९० % |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |

### ४.२.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | निरन्तर | १३ | १३ | १३ | १३ | १३ | १३ | निरन्तर |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.१ | स्वयम् सेवक शिक्षक तयारी | संख्या | ५ | ० | ० | ० | ० | ५ | |
| १.२ | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | |
| २ | शिक्षक तयारी | निरन्तर | १३ | १३ | १३ | १३ | १३ | १३ | ५ बर्षमा निरन्तर |
| २.१ | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | १३ | १३ | १३ | १३ | १३ | १३ | संघ र प्रदेशबाट |
| ३ | कक्षा १-३ को शिक्षकलाई एकिकृत पाठयक्रम सम्बन्धि तालिम | पटक | ० | १ | ० | ० | १ | २ | संघ बाट |
| ३.१ | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | ० | १ | ० | ० | ० | १ | |
| ३.२ | उपचारात्मक शिक्षण पद्धति अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | १० | |
| ३.३ | एक विद्यालय एक पुस्तकालय | संख्या | १ | १ | १ | २ | २ | ७ | |
| ३.४ | एक विद्यालय एक ICT ल्याव | संख्या | १ | १ | ० | ० | ० | ० | |
| ३.५ | शिक्षक पेशागत सहयोग पद्धति | पटक | ० | १ | ० | ० | ० | १ | |
| ३.६ | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास गर्ने | पटक | | | | | | | |
| ३.७ | पेशागत शैक्षिक अवलोकन | पटक | ० | १ | ० | ० | ० | १ | |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | ५ | |
| ४.१ | छोटो अवधिको पुनर्ताजगी तालिम सञ्चालन गर्ने | पटक | ० | २ | ० | ० | ० | २ | |
| ४.२ | बाल विकास सहजकर्ताको लागि ३० दिने आधारभूत तालिम | पटक | ० | ० | ० | १ | ० | १ | |
| ५ | शिक्षक उत्तरदायित्व | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ५.१ | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ५.२ | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | ० | ० | १ | ० | ० | १ | |
| ६ | शिक्षकको आपूर्ति र वितरणविद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | ० | १ | ० | १ | ० | २ | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

**परिचय**

यस नरहा गाउँपालिका सामाजिक, आर्थिक, सास्कृतिक, धार्मिक विविधता भएको स्थानीय तह हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरू रहेका छन्। यहाँ बसोबास गर्ने जातिहरू यादव ३५.४%, मुसहर १५.९%, मुसलमान १०.७%, कोइरी/कुशवाहा ५.४%, धानुक २.५%, दनुवार २.१%, खत्वे २.१%, तत्मा २.१%, थारू २.१% र केही अन्य हुन्। पालिकामा विभिन्न भाषाभाषीहरूको बसोवास रहेका छन् जस्मा मैथिली ८१.६%, मगही १२.३%, थारू २%, उर्दु १.८%, उराउँ/कुडुख १.२%, नेपाली ०.६%, तामाङ ०.२%, हिन्दी ०.२% र अन्य ०.३% मातृभाषा बोलिन्छन्। यो पालिकामा हिन्दू ८९%, इस्लाम १०.७%, बौद्ध ०.३% तथा क्रिश्चियन ०.०३% धर्मावलम्बीहरू बसोबास गर्छन् भने उनीहरूले दशैं, तिहार, छठपर्व, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, क्रिसमस, ल्होसार जस्ता चाडपर्वहरू मान्ने गर्दछन्। यस पालिकाभित्र अनेकतामा एकता कायम रहेकोछ। त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सहअस्तित्व-, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

### ४.३.१ वर्तमान अवस्था

नरहा गाउँपालिकाको कुल जनसंख्या २२७६० रहेको छ जसमा महिला ११४९६ र पुरूष ११२६४ छन्। महिला पुरूष विचतको अन्तर २३२ रहेको छ। यस पालिकामा लैङ्गिक ९७.९८ प्रतिशत रहेको छ। पालिकाको कुल साक्षर दर ६०.९ प्रतिशत रहेको छ साथै लैङ्गिक हिसाबले हेर्दा महिला (५२.३ प्रतिशत) भन्दा पुरूष (६९.८ प्रतिशत) साक्षर दर १७.५ प्रतिशत बढी छ। यस गाउँपालिकामा कुल जनसंख्याको १.७ प्रतिशत अपाङ्गता भएका जनसंख्या छन् र महिला पुरूषमा समान रूपमा अपाङ्गता रहेको छ।

गाउँ कार्यपालिका, वडा समिति, पालिका शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, समाजिक परिक्षण समिति, लगायत विभिन्न संघ संस्थामा महिला, दलित तथा पिछडिएका वर्गको सहभागिता उल्लेख्य रहेको छ। आधारभूत तह (कक्षा १-५) मा २०१ महिला शिक्षक छन्। त्यसैगरी कक्षा १-८ मा १६० महिला शिक्षक छन्। माध्यमिक तह ९-१२ कक्षामा २० महिला शिक्षक रहेका छन। अपाङ्गता भएका शिक्षक ६ जना रहेका छन्।

**शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ** –

१. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित नहुनु।
२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण प्रयाप्त मात्रामा नहुनु।
३. अपांगता भएका बालबालिकाको प्रारम्भिक पहिचान नहुनु।
४. विद्यालयमा विभेद रहित बालमैत्री वाताबरणको सुनिस्चितता नहुनु।
५. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच नहुनु।

### ४.३.२ उद्देश्य

शैक्षिक समता र समावेशीकरणसँग सम्बन्धित पालिकाकाले निम्न उद्देश्यहरु राखेको छः

१. विद्यालयमा लैङ्गिकमैत्री, अपाङ्गमैत्री, तथा बालमैत्री बनाउनु।
२. शिक्षाको मूलधारबाट वञ्चित रहेका व्यक्तिहरूलाई पहुँच गराइ गुणस्तर सुनिश्चित गर्नु।

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाएका रणनीतिहरु निम्नानुसार रहेका छनः

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने।

२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने।

३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने।

४. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।

५. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।

६. आाधारभूत तहमा मातृभाषास्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सि ,काइको अवसर प्रदान गर्न प्राथमिकता दिने।

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण ,इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने।

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री अवस्था तथा शैक्षिक वाटावरणको विकास गरी गुणस्तरीय शिक्षा निश्चितता गर्ने।

**नतिजा**

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष २०८२।८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ | ८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १०.७८ | ९.७४ | ७.९२ | ६.९५ | ५.९७ | ४.९७ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक (GPI in GER) | १.०५ | १.०५ | १.०४ | १.०३ | १.०२ | १.०१ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक (GPI in NER) | १.२४ | १.१४ | १.१२ | १.११ | १.१० | १.०८ |

## ४.३.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षामा समता र समाबेशीकरण अवस्था र आवश्यकता पहिचान | पटक | १ | | | | १ | २ | सबै विद्यालय |
| | स्थानीय तहका स्वास्थ्य शाखासँग समन्वय गरी प्रारम्भिक कक्षाका विद्यार्थीहरूको अपाङ्गता सम्बन्धी जाँच तथा परिक्षण गर्ने | विद्यार्थी संख्या | ३३३१ | ३३६८ | ३४३५ | ३४०० | ३४५७ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | ३ | २ | २ | ४ | ४ | १३ | सबै विद्यालय |
| ३ | विद्यालय बाहिर रहेका बालबालिकाहरू को अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ वटै विद्यालय, ५ वटै वडाहरू |
| ५ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने। | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ६ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ७ | मनोसामाजिक परामर्श | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ९ | गुनासो सुनुवाई समिति गठन र परिचालन | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| १० | गुनासो सुनुवाई समिति को क्षमता विकास | पटक | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ११ | बालिका तथा समाबेशी शिक्षा संजालको परिचालन | पटक | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| १२ | श्रवण/बहिरा, बोलाई कठिनाई भएका र बौद्धिक अपाङ्गता भएका | विद्यार्थी | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाकालाई बिशेष शिक्षा प्रदान गर्नका लागि साथै आवास सुबिधा सहित भएका बिद्यालयहरुलाई बजेट अनुदान | | | | | | | | |
| १३ | बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालित बिशेष बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण बापतको बजेट अनुदान | | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | |

## ४.४ दिवा खाजासहित पोषणतथा स्वास्थ्य कार्यक्रम

**परिचय**

नेपालमा सन् १९७४ देखि छनौटमा परेका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिक देखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ। नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०८१/८२ मा यो लगानी करिब ८ अरब ३९ करोड पुगेको छ। नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन् ।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका

साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरू मध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

**वर्तमान अवस्था**

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण र खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि केही कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीकालागि दिवा खाजा कार्यक्रमको वर्तमान अबश्थाको विश्लेषण गर्दासबैकालागि शिक्षाको डकार बैठक सन् २००० ले सिफारिस गरेको ढाँचालाई मुख्यगरी चारवटा अङ्गहरु समाबेश गरेको छ ।

- विद्यालय स्वास्थ्य सम्बन्धि नीतिहरु तय गर्नु
- सुरक्षित पानी तथा सरसफाइ सहित सुरक्षित विद्यालय वाताबरण सिर्जना गर्नु
- सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु
- विद्यालयमा आधारितस्वास्थ्य तथा पोषणसेवा प्रदान गर्नु

यिनै बुँदाहरुलाइ् आधार मानि यस पालिकामा समेत वर्तमान अवस्थालाई विश्लेषण् गरी दिवाखाजा स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको अलगअलग समीक्षा गरी तिनीहरुको अन्तर सम्बन्ध उल्लेख गरी योजना तयार गरीएको छ। नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाले खाजा कार्यक्रम सञ्चालन गरेको छ। साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएकोछ ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ४ र महिला शिक्षक शौचालय ४ वटा छन्। यस पालिकाको प्राय: सबै विधलायहरुमा ट्युबेल नै खानेपानीको प्रमुख स्रोतको रुपमा रहेको छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ।

नेपाल सरकारको निति अनुरूप यस पालिकाले वाल विकास, कक्षा बालविकास देखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरूका लागि दिवा खाजा कार्यक्रम सञ्चालन गरेको छ । यसबाट लम्भावित हुने विद्यार्थीको संख्या ३३२९ रहेको छ, जसमध्ये लम्भावित छात्रा (१७०३ जना) ३३.१२% र छात्र (२२२६ जना) ६६.८७% जसमध्ये दलितको संख्या १२२८ (२५ प्रतिशत) रहेको छ। खाजा व्यवस्थापनमा हाल देखिएका समस्याहरू मध्ये खाजा पकाउने व्यवस्थित भान्सा कोठा, भाडाकुडा र भान्सेको अभाव प्रमुख समस्याको रूपमा रहेको देखिन्छ।

हाल यस गाउँपालिका १३ वटा सामुदायिक र संस्थागत विद्यालयहरूमा राष्ट्रिय प्रारूप अनुसार स्वास्थ्य पोषण सम्बन्धी संचालनमा रहेको कार्यक्रम पोषण सप्ताह जेष्ठ महिनाको पहिलो सप्ताहमा मनाउने गरेकोछ। साथै जुकाको औषधि तथा १० वर्ष भन्दा माथिको किशोरीहरूको लागि Iron चक्कीको व्यवस्था र सेन्टरी प्याड, स्क्रीनीङ (आँखा, कान, नाक, उचाई, घाँटी ) को व्यवस्था गरिएको छ। साथै विद्यार्थीहरूको संख्याको आधारमा छात्र/छात्रा, अपांगको लागि शौचालयको व्यवस्था हनुपर्नेमा कुनै पनि विद्यालयमा पर्याप्त शौचालयको व्यवस्था नभएको र हाथ धुने सामाग्रीको समेत अभाव रहेको छ।

### ४.४.१ चुनौतीहरू

- विद्यालयहरूमा भान्सा कोठाको छुटै व्यवस्थापन गर्न नसक्नु ।
- विद्यालयहरूमा दिवा खाजाकोलागि भान्सेको व्यवस्था नभएको ।
- विद्यालयहरूमा भान्सा कोठामा चाहिने आवश्यक भाडाकुडाको व्यवस्था नभएको ।
- विद्यालयहरूमा छात्र/छात्रा,अपांगको संख्याको अनुपातमा शौचालय तथा खानेपानी तथा हाथ धुने ठाउँको व्यवस्थापन गर्न नसकनु ।
- साबुन पानीले हाथ धुने सम्बन्धी जनचेतना मुलक कार्यक्रम छात्र/छात्राहरूको लागि संचालन पर्याप्त नभएको ।
- विद्यालयहरूमा स्वास्थ्य नर्सिङ कार्यक्रम संचालन नरहेको ।
- विद्यालयहरूमा स्यानेटरी Dispose गर्ने व्यवस्था नरहेको ।
- वर्षमा दुई पटक विद्यार्थीहरूको स्वास्थ्य परिक्षण नहुनु ।

### ४.४.२ उद्देश्य

१. स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाजाको सुनिश्चित गर्नु ।
२. सबै विद्यालहरूमा स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।
३. सबै सामूदायिक विद्यालयहरूमा दिवा खाजा व्यवस्थापनको लागि निर्देशिकाको प्रभावकारीता कार्यान्वयन सुनिश्चित गर्नु ।
४. सबै सामूदायिक विद्यालयहरूमा दिवा खाजाको लागि विद्यालयहरूमा उपयुक्त भान्सा कोठाको व्यवस्थापन सुनिश्चित गर्नु ।
५. सबै सामूदायिक विद्यालयहरूमा तालिम प्राप्त भान्सेको व्यवस्थापन गर्नु ।
६. सबै विद्यालयहरूमा छात्र/छात्रा तथा विभिन्न उमेर समुहका वालवालीकाहरूको तथ्यांक संकलन गरी राष्ट्रिय मापदण्ड अनुरूप शौचालय, खानेपानि, हाथ धुने व्यवस्थाको साथ साथै सरसफाई सम्बन्धी व्यवस्था गर्नु ।
७. सबै विद्यालयका विद्यार्थीहरूको लागि जनचेतना मुलक साबुन पानिले हाथ धुने कार्यक्रम संचालन गर्नु ।

### ४.४.३ रणनीति

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा आधारभुत तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।
- दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।

- विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।
- दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | ० | ९० | ९२ | ९५ | ९७ | ९९.५ |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप | ० | ९० | ९२ | ९५ | ९७ | ९९.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्राप्त गरेका बालबालिका* (%) | | | | | | |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा १ देखि ५ सम्मका बालबालिका (%) | ९०.०१ | ९५ | ९८ | ९९ | ९९ | १०० |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |

### ४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | ० | १ | ० | ० | ० | १ | गा.पा. |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | गा.पा. विद्यालय |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | गा.पा. विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | गा.पा. विद्यालय |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | गा.पा. विद्यालय |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि  र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | गा.पा. विद्यालय, प्रदेश, संघ |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | गा.पा. विद्यालय |

## ४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

**परिचय**

नेपाल प्रकोप जोखिम भएको क्षेत्रमा पर्दछ। यँहा बाढी, पहिरो, हावा हुण्डरी, भुइचालो, शितलहर, महामारी आदि विपदको अबस्था आइरहन्छ। यस्तो अबस्थामा परिस्थितिजन्य शिक्षा दिनु आबश्यक छ ।  परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ । यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनुपर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वियन गर्न विभिन्न राष्ट्रहरूले आफ्नो नीति कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षामा समावेश गर्ने गरेका छन् । विशेषत २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका  प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा  यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

### ४.५.१ वर्तमान अवस्था

**विद्यमान नीतिगत व्यवस्था**

नेपालको संविधान २०७२, ले आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क तथा सुविधाविहीन र अपाङ्गता भएकाहरूका लागि उच्च शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारको रुपमा राखिएकोछ र यसको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, तथा सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ ।

यस नरहा गाउँपालिकामा पनि विभिन्न समयमा विपद् तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद् तथा संकटको घडीमा पनि विचलित नभई सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रूपमा शिक्षा प्रदान गर्रिंदै आएको छ । जस्तै- कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखि नै विपद् जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ । सिकाई क्षेती अपुरण को लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना अहिले कार्यन्वयनमा आइसकेको छ।

परिस्थितिजन्य शिक्षाका चुनौतीहरू -

१. बिद्यालय संरचना तथा सम्भावित प्रकोप जोखिमको पुर्बसंभाब्यता अध्ययन नगरिनु ।
२. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन नगर्ने ।
३. बिद्यालय, परिवार, समाज प्रकोप र सोको जोखिमको विषयमा सावधानी नअपनाउनु ।
४. संकटको क्षेत्र पहिचान गरि आबस्यक योजना निर्माण नगर्नु
५. योजना निर्माणको प्रक्रिया र सबै बर्ग समुदायको सहभागिता नहुनु ।
६. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकासमा कमि हुनु ।
७. स्रोतको व्यवस्थापनक लागि विद्यालय तथा शिक्षा प्रणाली सक्रिय नहुनु ।
८. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता नहुनु।

**स्थानीय तहको विद्यमान अवस्थाः**

यस नरहा गाउँपलिकामा मुख्य मुख्य आपतकालीन तथा संकटकालीन अवस्थामा यस प्रकास छन्

क) **प्राकृतिक प्रकोप:** भूकम्प, बाढी, हावाहुरी, असिनापानी, सितलहर, तातो लहर (लू), डूवान, आगलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि ।

ख) **महामारी:** झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरुवा रोगहरू ।

ग) **युद्ध, द्वन्द्व, विस्थापन**: आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने ।

### ४.५.२ उद्देश्य

- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
- सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले निम्न रणनीतिहरु अपनाएका छन्

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।
२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
३. महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने ।
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
७. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
८. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।
९. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम नयुनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने
१०. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
११. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | २ | २ | २ | २ | २ | २ |
| २ | हरित विद्यालय सँख्या | ० | ३ | ३ | ३ | ३ | १ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | ० | ४ | ५ | ४ | ० | ० |

### ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ४ | शिक्षक तथा विव्यस तालिम | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| ५ | विपद प्रतिरोधी विद्यालय सँख्या | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

**परिचय**

शिक्षा नियमावली, २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तह लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।
यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी पाँच वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

यस नरहा गाउँपालिकामा सामुदायिक विद्यालय १३ वटा, २ वटा मदरसा गरी जम्म १५ वटा विद्यालय छन्। यस बाहेक प्रत्येक वडामा १ वटा सामुदायिक सिकाइ केन्द्रहरू संचालनमा रहेका छन्। सामुदायिक विद्यालय तर्फ सबै विद्यालयहरू आफ्नो भवन रहेको छ। सामुदायिक विद्यालयहरूमा जम्मा २० वटा भवन रहेका छन्। सबै सामुदायिक विद्यालयमा छात्र र छात्रा मैत्री शौचालय छैन् साथै शौचालय प्रयाप्त व्यवस्थापन हुन सकेको छैन। विद्यालयहरूमा खानेपानी आफ्नै श्रोत रहेका छन्। सबै सामुदायिक विद्यालयमा इन्टरनेट सेवा पुगेको छ। १ वटा विद्यालयमा मल्टिमिडियाको माध्यमबाट अध्यापन भइरहेकोछ भने १ विद्यालयमा स्मार्टबोर्ड समेत रहेको छ। सबै विद्यालयमा विद्युतको पहुँच पुगेको अवस्था रहेको छ।

**विद्यालय पूर्वाधार र विकासका प्रमुख चुनौतीहरूः**

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका न्यून हुनु।
२. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु नसक्नु।
३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास नहुनु।
४. आवश्यक स्रोतको व्यवस्थापन हुन् नसक्नु।
५. पूर्वाधारहरू बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउन नसक्नु।

### ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास ,मर्मत संभार तथा सबलीकरण गर्नु ।
३. जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।

**४.६.३ रणनीति**

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि पालिकाले अपनाएका रणनीतिहरु यस प्रकार छनः

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
२. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ ।
३. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गरिनेछ ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।
६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
७. आंसिक रूपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ ।

**४.६.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

१. सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।
२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ११ | १६ | १८ | २२ | ३० | ४५ |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | २४ | २६ | १८ | २९ | ३५ | ३५ |
| ३ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | १५ | २१ | २१ | २५ | ० | ० |
| ४ | विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने संख्या | ० | ० | ४ | ६ | ७ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको संख्या | ४ | १० | १३ | १४ | १५ | १५ |

### ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | १ | गा.पा. |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | | | | | गा.पा. |
| ३ | अपाङ्गमैत्री ,बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार निर्माण | संख्या | २ | ३ | ३ | २ | ३ | १३ | गा.पा. |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | २ | ३ | ३ | २ | ३ | १३ | संघ, प्रदेश, पालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | २ | ३ | ३ | २ | ३ | १३ | |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यक | ० | ० | ३ | २ | ० | ५ | |
| ७ | छात्रा-छात्रका लागि वास सहित को शौचालय तथा खानेपानी पानी र सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ० | ० | १ | १ | ० | ० | |
| ८ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | विद्यालय सङ्ख्या | २ | ३ | ३ | २ | ३ | १३ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### परिचय

एकाइसौं शताव्दीको युगलाई सूचना र प्रविधिको युग भनिन्छ । अहिले सुचना प्रबिधि बेगर संसारको कल्पना गर्न सकिदैन । सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरू विश्व बजारमा

आफ्नो मानव संसाधनलाई कसरी सुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजार सामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन् ।

नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/०२/१८ जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड–१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ । यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको होला ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याइ लक्ष्य रहेको छ । सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्‍याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ ।

**४.७.१ वर्तमान अवस्था**

यस नरहा गाउँपालिकाले शिक्षालाई सूचना प्रबिधिसंग जोड्ने प्रयास गरिरहेकोछ । नरहा पालिकामा जम्मा १३ वटा सामुदायिक विद्यालयमा विद्युतको पहुँच छन् भने विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा क्रमश सबै बिद्यालयमा पुर्याएकोछ । हाल मल्टिमिडिया समेतको सुविधा भएका १ वटा विद्याल छन् भने स्मार्ट वोर्ड भएको १ विद्यालय छ ।

कोरोना भाइरसको संक्रमणको समयमा यस पालिकामा अनलाइन मार्फत वैकल्पिक शिक्षाको शुरुवात भएको थियो । सङ्घ सरकार र स्थानीय सरकारबाट सोका लागि आर्थिक तथा प्राविधिक सहयोग भएको थियो । यस पालिकामा १३ वटा विद्यालयका १० जना शिक्षक कर्मचारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरेका छन् भने अन्य शिक्षकहरुमा पनि क्रमश प्रविधिको पहुँच विस्तार भएकोछ । यस गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तालिम हरेक बिद्यालयका शिक्षहरूलाई दिईसकेको छ । अहिले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई अनिबार्य गरेकोले सबै विद्यालयले यसैमा सम्पूर्ण बिबरण राख्ने गरेकोछ ।

**शिक्षामा सूचना तथा सञ्चार प्रविधिका चुनौतीहरू -**

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास नहुनु ।
२. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार नहुनु ।
३. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास नहुनु ।
४. विस्तार गरिएका ई-पुस्तकालयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु ।
५. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियाता बढाउन नसक्नु ।
६. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित नहुनु ।
७. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक सबैलाई सहज नहुनु ।

### ४.७.२ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु ।
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।
३. विद्यालय व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपरलेस बनाउनु ।

### ४.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने ।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने ।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।
६. कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रवन्ध र प्रयोग गर्ने ।
७. एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रूपमा अद्यावधिक गरिनेछ ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगवाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग | १ | १ | १ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भएका विद्यालय सँख्या | | | | | | |
| ३ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १ | ० | ० | ० | ० | ० |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २ | ३ | ३ | ३ | २ | ० |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |

### ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | १३ | १३ | १३ | १३ | १३ | सबै विद्यालय |
| २ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन , डिजिटल ल्याव स्थापना | संख्या | १ | १ | ० | ० | ० | प्रदेश र पालिका |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | १३ | १३ | १३ | १३ | १३ | विद्यालय |
| ४ | ई-पुस्तकालय आद्यावधिक र विस्तार | संख्या | १ | १ | | | | गाउँपालिका |
| ५ | माध्यमिक तहका विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभको पहुच | संख्या | ० | १ | ० | १ | ० | |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | ० | ३ | ३ | ३ | ४ | गाउँपालिका |
| ७ | फ्रि वाई-फाई चौतारी | संख्या | १३ | १३ | १३ | १३ | १३ | गाउँपालिका |
| ८ | शिक्षकहरूको क्षमता विकास | पटक | १ | | | १ | | गाउँपालिका |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | २ | | | १ | | गाउँपालिका |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | संख्या | १ | | | | | संघ/ प्रदेश/ गाउँपालिका |

## परिच्छेद पाँचः सुशासन तथा व्यवस्थापन

### परिचय

विद्यालय क्षेत्रको योजनामा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ । शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ ।

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा रहेकोमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ । शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ । शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ ।

सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ । त्यसै गरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रबर्द्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ । यस परिच्छेदमा सुशासन प्रबर्द्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ । वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ ।

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### परिचय

संघीय सरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रबर्द्धन गर्नु आवश्यक देखिएको छ । त्यसैले बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुनेछ ।

यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार, प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रबर्द्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ।

यस खण्डमा सुशासन प्रबर्द्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रबर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

**५.१.१ वर्तमान अवस्था**

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरू कार्यान्वयनमा रहेका छन्। त्यसैगरी हरेक बिद्यालयहरुमा बिद्यालय ब्यबस्थापन समिति र अभिभावक शिक्षक संघ गठन गरी बिद्यालय संचालन गर्ने प्राबधान रहेको छ।

**सशासन तथा व्यवस्थापनमा देखिएका समस्या र चुनौतिहरु**

१. ७ वटा विद्यालयममा ब्यबस्थापन समिती नहुनु।
२. १३ विद्यालयमा अभिभाबक शिक्षक संघ गठन नहुनु।
३. बिद्यालय सुधार योजना कागजमा मात्रै सिमित हुनु।
४. बिद्यालय ब्यबस्थापन समिती निर्माणमा राजनैतिक हुनु।
५. समयमा सामाजिक तथा लेख परिक्षण नहुनु।
६. गुनासो सुन्सुवई संयन्त्र नहुनु भए पनि सहि प्रिचना नहुनु।
७. अनुगमन तथा मुल्यांकन फितलो हुनु।
८. समुदायको सहभागितालाई उपेक्षा गर्नु।

**५.१.२ उद्देश्य**

१. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्नु।
२. स्थानी तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु।
३. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको संस्थागत क्षमता अभिवृद्धि गर्नु।
४. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु।

**५.१.३ रणनीति**

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।
६. कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

**५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

**प्रमुख नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८७/८८ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | ० | ६ | ७ | ० | ० |
| २ | अभिभावक शिक्षक संघ भएका विद्यालय सङ्ख्या | ० | ७ | ६ | ० | ० | ० |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका | ७ | २ | ४ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय सँख्या | | | | | | |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने विद्यालय सँख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय व्यवस्थापन समिति गठन | संख्या | ३ | ३ | | | | ६ | | |
| २ | अभिभाबक शिक्षक संघ गठन | संख्या | ० | ७ | ६ | | | १३ | | |
| ३ | बिद्यालय सुधार योजना निर्माण तथा अपडेट | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ | | |
| ४ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | | १ | | | | १ | | |
| ५ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | | | १ | | | १ | | |
| ६ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | ३ | ३ | ४ | ३ | ० | १३ | | विद्यालय |
| ७ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिम्मेवार वनाउने | संख्या | ३ | ३ | ४ | ३ | ० | १३ | | |
| ८ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | ३ | ३ | ३ | ३ | १ | १३ | | |
| ९ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संख्या | ० | १ | ० | ० | ० | १ | | |
| १० | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत् | संयन्त्र | ३ | ३ | ३ | ३ | १ | १३ | | विद्यालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | | | | | | | | | |
| ११ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | ३ | ३ | ३ | ३ | १ | १३ | | |
| १२ | बिद्यालय कार्यसम्पादन एबम स्वमुल्यांकनगर्ने गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### परिचय

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा दिगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरूले योजना कार्यान्वयनको प्रबन्धमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित  तत्त्वहरूले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ। योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजनाबाट अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम, कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन्

### ५.२.१ वर्तमान अवस्था

नेपाल संघीय संरचनाको ढाँचामा रूपान्तरण भएकोले बिद्यालय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध गर्न कानूनी व्यवस्था गरिएकोछ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा शाखा रहेका छन्। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रूपान्तरण गर्नुपर्ने हुन्छ। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ।

**हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन् -**

१. स्थानीय शिक्षक सहायतता पद्धति विकास नहुनु।
२. शिक्षकलाई तालिम तथा क्षमता बिकासमा पहल नहुनु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन ब्यबस्थित् नहुनु।
४. समयसापेक्ष दरवन्दी मिलन तथा पुनरावलोकन नहुनु।
५. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट नहुनु।
६. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण नगरिनी।
७. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ नहुनु।

**योजना कार्यान्वयनको प्रबन्ध**

बिद्यालय शिक्षा योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरूमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

**स्थानीय तह**

१. नरहा गाउँपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
२. नरहा गाउँपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
३. नरहा गाउँपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार नरहा गाउँपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।
५. नरहा गाउँपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।
६. नरहा गाउँपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायतता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने ।
७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने ।

**समुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने ।
२. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने ।
३. सा.सि.के. ले विषयगत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ५.२.२ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.३ रणनीति

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।
७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने।

### ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

योजनाको कार्यान्वयनबाट हाँसिल हुने मुख्य उपलब्धिहरूः

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

१ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| २ | विद्यालय सधुार योजना निर्माण एवम् अद्यावधिक | पटक | १३ | १३ | १३ | १३ | १३ | ६५ | विद्यालय |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सदृढीकरण | पटक | १३ | १३ | १३ | १३ | १३ | ६५ | विद्यालय |

## परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन

### परिचय

देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ । राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो।

शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्त्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

### ६.१ वर्तमान अवस्था

नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ । तर अथार्थमा यो उल्टो देखिन्छ । वास्तबमा अहिले शिक्षा क्षेत्रको लगानी घट्दो क्रममा देखिन्छ । संघीय स्तरमा शिक्षकको तलब, दिबा खाजा र पी.सि.एफ. बाहेक शसर्त अनुदानमा केहि सहयोग पठाएको देखिन्छ जुन प्रयाप्त छैन । प्रधेश सरकार शिक्षा प्रति अझ उदासिन छन् । विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार मानेर शिक्षामा बिनियोजन हुने बजेटमा क्रमिक न्यूनतम भइरहेकोछ । स्थानीय तह पनि शिक्षा भन्दा भौतिक पूर्वाधारमा लगानी गर्न बढी इच्छुक देखिन्छ । अहिले शिक्षा सबैतिरबाट उपेक्षामा परेको छ ।

**लगानी तथा स्रोत ब्यबस्थापन चुनौतीहरूः**

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापन नहुनु ।
२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार नहुनु ।
३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास नहुनु ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित नहुनु।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दीगोपना सुनिश्चित नहुनु ।
६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था नहुनु ।
७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण नहुनु ।
८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन नहुनु ।
९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त नहुनु ।
१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन नगर्नु ।
११. वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास नहुनु।
१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम नहुनु ।

### ६.२ उद्देश्य

शिक्षामा लगानी र स्रोत व्यवस्थापनका लागि पालिकाका उद्देश्यहरु देहायअनुसार रहेका छन्

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

### ६.३ रणनीति

शिक्षा योजनामा वित्तिय लगानी तथा व्यवस्थापनका लागि देहाय बमोजिम रणनीति हुनेछनः

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।
३. वार्षिक रूपमा कुल बजेटको ........ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
४. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
७. लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

### ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**क। सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | 2081/082 | 2082/083 | 2083/084 | 2084/085 | 2085/086 | | |
| १ | प्रारम्भिक बाल बिकास केन्द्र शिक्षकहरुको क्षमता विकास आधारभूत तालिम | ० | २००००० | २००००० | २००००० | २००००० | ८००००० | |
| २ | प्रारम्भिक बाल बिकास केन्द्र अध्ययनरत बालबालिकाहरुका अभिभावकहरुको लागी अभिभावक शिक्षा कार्यक्रम | ० | ३००००० | ३००००० | ३००००० | ३००००० | १२००००० | |
| ३ | बिद्यालय सुधार योजना कार्यान्वनका लागी बिद्यालय स्वमुल्यांकन तथा स्वमुल्यांकन पश्चात तयार पारिएका बिधालय सुधार योजना कार्यान्वनमा स्थानीय सरकारको सहयोग | ० | १५०००० | १५०००० | २००००० | २००००० | ७००००० | |
| ४ | बिद्यालयहरुमा शैक्षिक सामग्री र खेल सामग्रीको व्यबस्थापन सहयोग | ० | ४००००० | ५००००० | ५००००० | ५००००० | १९००००० | |
| ५ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूमा उच्चस्तरीय क्षमता दक्षता र नैतिकता अभिवृद्धिका लागि अध्ययन अवलोकन भ्रमण | ० | २००००० | २००००० | ३००००० | ३००००० | १०००००० | |
| ६ | अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाई कार्यक्रम संचालन | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | २०००००० | |
| ७ | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन तथा विद्यालयमा मूल प्रवाहीकरण | ० | ४००००० | ४००००० | ४००००० | ४००००० | १६००००० | |
| ८ | बिद्यालय तथा स्थानीय तह स्तरमा EMIS को व्यवस्थित प्रयोग तथा सबलीकरण | ० | २००००० | २००००० | २००००० | २००००० | ८००००० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | स्थानीय सरकार तथा विद्यालय स्तरमा गुनासो पेटीका तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति व्यवस्थापन | ० | १००००० | १००००० | १००००० | १००००० | ४००००० | |
| १० | शिक्षकका लागि ICT सम्बन्धी तालिम | ० | ४००००० | ४००००० | ४००००० | ४००००० | १६००००० | |
| ११ | बृहत बिद्यालय सुरक्षा न्युनतम प्याकेज कार्यन्वयन | ० | ३००००० | ३००००० | ४००००० | ४००००० | १४००००० | |
| १२ | साक्षरता अभियान कार्यक्रम | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | २०००००० | |
| १३ | अभिभावक शिक्षा कार्यक्रम | ० | २००००० | २००००० | ३००००० | ३००००० | १०००००० | |
| १४ | विद्यालय खानेपानी तथा शौचालय निर्माण | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | २०००००० | |
| १५ | दिवा खाजा व्यबस्थापनमा सहयोग पालिकाबाट थप अनुदान रकम | ० | ४००००० | ४००००० | ४००००० | ४००००० | १६००००० | |
| १६ | बाल बिकास केन्द्र को लागी (सिकाइ कुना) six corner | ० | १०००००० | १०००००० | १०००००० | १०००००० | ४०००००० | |
| | | | | | | | | |

उपरोक्त बमोजिम बजेट अनुमान गरिसकेपछि विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु जस्तैः वालविकास र शिक्षामा हरेक आवको जम्मा बजेट कति, आगामी ५ वर्षको जम्मा बजेट कति र वजेटको सुनिश्चितता संघवाट, प्रदेशबाट, स्थानीय तहवाट र अन्य संघसंस्थावाट कति भनि सो को समेत विश्लेषण गर्नुपर्दछ।

# परिच्छेद सातः अनुगमन तथा मूल्याङ्कन

## परिचय

बिद्यालय शिक्षा योजनाको प्रभाबकारी कार्यान्वनकोलागि अनुगमन र मुल्यांकनको महत्वपुर्ण भूमिका हुन्नेछ । अनुगमन भन्नाले शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।

मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

## ७.१ वर्तमान अवस्था

संरचनागत प्राबधान अनुसार शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचक, नरहा गाउँपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ। वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ।

विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलन गरि मुल्यांकन गर्ने गरिएको छ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ।

**योजनामा अनुगमन तथा मूल्याङ्कनक मुख्य चुनौतीहरू-**

१. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास नहुनु।
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरी मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको विकास नहुनु।

३. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता नदिनु ।
४. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध नहुनु ।
५. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित नहुनु ।
६. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित नहुनु ।
**७.** अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु नसक्नु ।

**७.२ उद्देश्य**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

**७.३ रणनीति**

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
**५.** योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
**६.** अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने ।

**७.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

**नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ।
**२.** नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ।

### ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार गर्ने | पटक | | १ | | | | १ | गाउँपालिका |
| २ | अनुगमन तथा मुल्यांकन संयन्त्रको निर्माण | पटक | १ | | | | | | गाउँपालिका |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू अध्यावधिक गर्ने | पटक | | १ | १ | १ | १ | १३ | गाउँपालिका |
| ४ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ३ | ४ | ५ | ५ | ५ | ५० | गाउँपालिका,प्रदेश र संघ विद्यालयमा |
| | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन (चौमासिक / वार्षिक) | पटक | ४ | ४ | ४ | ४ | ४ | ४ | गाउँपालिका र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | २ | २ | २ | २ | २ | २० | विद्यालय |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | ० | २ | २ | २ | २ | १२ | गाउँपालिका |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ० | ३ | ३ | ३ | ३ | २४ | गाउँपालिका |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | १० | गाउँपालिका र विद्यालय |

### ७.६ योजनाको लेखाजोखा

**क) परिचय**

नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत बिद्यालय शिक्षाको व्यवस्थापनका लागि तीनवटै सरकारको साझा दाईत्व रहेता पनि व्यवहारिक रुपमा बिद्यालय शिक्षाको सन्चालनको समग्र जिम्मेवारी भने स्थनीय सरकारको रहेको छ I मुलुकमा संचालित सामुदायिक बिद्यालयहरूको व्यवस्थापन र संचलनार्थ प्राय: सबै प्रकारका स्रोतहरू अन्तर सरकारी वित्तीय हस्तान्तरणका माध्यमबाट सङ्घीय सरकारबाट स्थानीय सरकारको कोषमा जाने गर्दछ र तोकिएका सर्त र

आधारहरु अनुसार स्थनीय सरकारले सो कोषको व्यवस्थापन र परिचालन गरी बिद्यालय शिक्षाको सन्चालन गर्नेगर्दछ । यसका लागि मुलकको संबिधान र सोका आधारमा तय भएका तीनै तहका सरकारका सम्बन्धित नीति, ऐन, कानून र नियमावली तथा निर्देशिकाहरुले तीनैवटै तहका सरकारहरूले आ-आफ्नो तहको शिक्षा क्षेत्रको योजना निर्माण गरी नेपालको संबिधानका प्रावधानहरू र अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले जनाएका प्रतिबद्धताहरूलाई पुरा गर्नेगरी कार्यान्वयन गर्ने गराउने रहेको छ । यसैले तीनै तहका सरकारका तहमा शिक्षा क्षेत्र योजनाको निर्माण/विकास पहिलो प्राथमिकतामा रहेको छ। शिक्षा क्षेत्रको योजनाले एकातर्फ राष्ट्रिय, प्रदेश र स्थानीयतहको शिक्षा सुधारकालागि नीति र रणनीतिहरू प्रस्तुत गर्दछ भने अर्कोतर्फ योजनालाई प्रभावकारी कार्यान्वयन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक र बाह्य स्रोतहरू परिचालन गर्नका लागि महत्वपूर्ण माध्यमको रूपमा रहेको हुन्छ। शिक्षा क्षेत्रको योजना सबै सम्भावित लगानीकर्ताहरूलाई योजनाले अबलम्बन गरेका कार्यक्रम, रणनिति र कार्यनीतिहरू विश्वसनीय, दिगो र लगानी योग्य छन् भनी सङ्केत गर्न सम्बन्धित सरकारका लागि महत्वपूर्ण साधनको रुपमा उपयोग गरिन्छ।

**ख) योजनाको लेखाजोखा किन र केहो?**

पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्ताब गरिएका कार्यक्रमहरूको विभिन्न पक्ष र सम्भाव्यताहरूको समीक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण छ।

योजनाको लेखाजोखा शिक्षा क्षेत्रका योजनाका कार्यक्रममा केन्द्रित मात्रात्मक र गुणात्मक संयोजन हो।

शिक्षा क्षेत्रको योजनाको लेखाजोखा एक प्रक्रिया हो, जसको माध्यमबाट पालिका तहको शिक्षा क्षेत्रको योजना के? किन? कसरी? कस्कालागी?, आदि जस्ता प्रश्नहरुको उत्तर खोजिन्छ। जसमाः

- शिक्षा क्षेत्रको योजना प्राविधिक रूपमा उपयुक्त छ छैन भनी मूल्यांकन गरिन्छ ।
- शिक्षा क्षेत्रको योजना आर्थिक रूपमा व्यवहारिक र न्यायोचित छ छैन भनी मूल्यांकन गरिन्छ ।
- शिक्षा क्षेत्रको योजनाको कार्यन्वयन प्रशासनिक रूपमा सम्भव छ छैन भनी मूल्यांकन गरिन्छ ।

**ग) योजनाको लेखाजोखाका उद्देश्यहरू**

- पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित कार्यक्रमका सबै पक्ष र ,सन्दर्भ ,अङ्गहरूको विस्तृत समीक्षा गर्न।
- शिक्षा क्षेत्रका अंगहरूमा **-Sub)Sector (s**सङ्घीय राष्ट्रिय/र प्रदेशतहका योजना र पालिकाको योजनाहरू बीचको अन्तरसम्बन्धहरू मूल्याङ्कन गर्न।
- प्राविधिक, व्यवस्थापकीय र वित्तीय सम्भाव्यताको दृष्टिकोणबाट प्रत्येक कार्यक्रमको मूल्याङ्कन गर्न।
- पालिका तहको शिक्षा क्षेत्रको योजनाको सबल र कमजोर तथा सुधार्नु पर्ने पक्षहरूको समग्र मूल्याङ्कन गर्न ।
- योजना कार्यान्वयनमा पालिका तहको तयारीको मूल्याङ्कन गर्न, र
- प्राविधिक सहयोग प्रदान गर्न र योजना अनुमोदन गर्न निर्णयकर्ताहरूलाई सहजीकरण गर्न।

**घ) योजनाको लेखाजोखाका महत्त्वपूर्ण पक्षहरू**

योजनाको लेखाजोखामा समेटिनु पर्ने महत्त्वपूर्ण पक्षहरू निम्न छन् र लेखाजोखा समितिले यी प्रत्येक पक्षको सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्दछ:

- योजना निर्माण प्रक्रिया
- योजना निर्माण प्रक्रियामा सरोकारवालाहरु अर्थपूर्ण सहभागी र अभ्यासहरू

- योजना निर्माण प्रक्रियामा आधारभूत तथ्याङ्क र जानकारीहरूको वास्तविकता,गुणस्तर , सान्दर्भिकता, स्रोत, र उपयोग बिधि
- योजना निर्माण विधि
- योजना कार्यान्वयनको समीक्षा
- लागत अनुमान र प्रस्तावित वित्त व्यवस्थापन
- योजना कार्यान्वयनका लागि संगठनात्मक र व्यवस्थापन
- प्रस्तावित योजना कार्यान्वयनबाट अपेक्षित शैक्षिक, आर्थिक र सामाजिक लाभहरूको वैधता।

त्यसैले, पालिका तहको योजना निर्माण गरिसकेपछि विश्वसनीय, दिगो र लगानी योग्य छ या छैन भन्नकालागी योजनाको बिभिद पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ, जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो l निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित पालिकाले आन्तरिक र बाहिरका बिभिन्न बिषय  क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गर्नु पर्दछ l

यस निर्देशिकाको उद्देश्य सम्बन्धित पालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्नु हो, जसमा योजनाको सबलता, प्रासंगिकता, सुसंगतता र विश्वसनीयता, आदि पक्षहरु हेरिन्छन्। योजनाको लेखाजोखा प्रक्रिया पालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामूलक हुनुपर्छ l यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श (योजना निर्माणे समिति, प्राबिधिक समितिहरूसँग बैठक), प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्दा तथा समस्या रहेका वडा, गाउँ, समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना  र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा, भरपर्दो जानकारीहरुको विश्लेषण  (जसलाई विज्ञहरूले प्रमाणित र क्रस-चेक गर्न आवश्यक छ) समावेश हुनुपर्दछ।लेखाजोखा प्रक्रिया सकेपछि सोबाट प्राप्त पृष्टपोषण तथा निष्कर्षहरूलाई योजनालाई अन्तिम रूप दिन उपयोग गर्नु पर्दछ l यस अतिरिक्त योजनालाई अन्तिम रूप दिनुपूर्व लेखाजोखाबाट प्राप्त सिफारिसहरूको प्रमाणीकरण कार्यशाला आयोजना गर्नु राम्रो हुन्छ।

**ङ) योजनाको लेखाजोखाको बिधि:**

योजना लेखाजोखा प्रक्रियाको बिधिमा निम्न चरणहरू/क्रियाकलापहरू समावेश हुनुपर्दछ:

- प्रारम्भिक छलफल(Birifing)
- मूल्याङ्कन टोलीको बैठक
- अध्ययनको लागि कागजातहरूको उपलब्धता
- फिल्ड भ्रमण गर्नु अघि कागजातहरूको अध्ययन
- बिभिन्न क्षेत्रहरुको भ्रमण
- सरोकारवाला  समुदाय सदस्यहरु संग /अन्तरक्रिया
- बिभिन्न सङ्घ-संस्थाहरु संग अन्तरक्रिया
- मूल्याङ्कन मस्यौदा प्रतिवेदन तयार गर्ने

- निर्णयकर्ताहरूसँग मस्यौदा प्रतिवेदन प्रस्तुत गर्ने
- प्रतिवेदनलाई परिमार्जन र अन्तिम रूप दिने
- अन्तिम समापन बैठक

**च) योजना लेखाजोखाका विषयगत क्षेत्रहरू**

पालिका तहको शिक्षा क्षेत्रको योजनाको मूल्याङ्कन गर्दा लेखाजोखा/मूल्याङ्कनकर्ताहरूले योजनामा निम्न उदाहरण अनुसारका विषयगत क्षेत्रहरू हेर्नुपर्छ:

- पालिकातहको शिक्षा प्रोफाइल
- योजना प्रक्रिया र पद्धति
- योजनाको लागि तथ्यांकको बिबरण र व्यवस्थापन साथै उपयोग
- ECED विकास र विस्तार गर्दै
- पहुँच र निरन्तरता
- बालबालिकाको सिकाइ आवश्यकताहरू
- शिक्षा प्रणालीको आन्तरिक दक्षता
- EMIS र अनुगमन
- कार्यान्वयनको लागि योजना
- वयस्क निरक्षरता घटाउने
- आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने
- क्षमता निर्माण
- लागत र बजेट आवश्यकता

**छ) योजना लेखाजोखाको प्रतिबेदनमा समाबेश हुनुपर्ने केही महत्वपूर्ण शैक्षिक मुद्दाहरूको उदाहरण:**

- के राष्ट्रिय प्रदेश ,र स्थानीय दुरदृष्टि उद्देश्य ,लक्ष्य र कार्ययोजना अनुरूप योजना बनाइएको छ?
- के योजनाले ECD देखि बिद्यालय शिक्षा ,वयस्कका लागि साक्षरता र निरन्तर शिक्षा जस्ता आधारभूत शिक्षाका सबै पक्षहरू साथै प्राबिधिक र उच्च शिक्षासँगको तालमेल,आ आदिलाई समेटेको छ?

- के यो योजनालाई स्थानीय विशिष्ट आवश्यकताहरू, विशेष गरी जनसंख्या,जातजाती , आर्थिक, भाषिक, पिछडिएको बर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ?

- के योजनाले योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरूको सहभागिताको लागि अवसर र अवसर प्रदान गरेको/गर्दछ?

- के योजनाले ठोस रणनीति र कार्यहरूप्रस्ताब गरेको छ ?

- शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरूलाई सम्बोधन गरेको छ? (तत्परता र सान्दर्भिकता(

- समानता, दक्षता, र सिकाइका मुद्दाहरूलाई राम्रोसँग सम्बोधन गरिएको छसबै) ? क्षेत्रको कार्यसम्पादन बढाउने , ,लैंगिक समता, दक्षता, सिकाइको मुख्य मुद्दाहरू(

- योजनाका सबै परिक्छेदहरू बीचमा सम्बन्ध र एकरूपता छ?) योजनाको संगठन(

- पालिकाको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित वित्त व्यवस्थापन/उपलब्धता ,प्राप्तिको सम्भावना, AWPB र ASIP बीच कुनै सम्बन्ध छ?

- पालिकामा सञ्चालन भइरहेका शिक्षासँग सम्बन्धित अन्य सबै कार्यक्रमहरूलाई योजनाले कसरी समेटेको छ? , 1 आदि

**अनुसूची १ : स्थानीय शिक्षा योजनाको प्रस्तावित ढाँचा**

विषय प्रवेश
पालिका शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य
शिक्षा योजना निर्माण प्रक्रिया

परिच्छेद १ : परिचय
१.१ पृष्ठभूमि
१.२ मुख्य समस्याहरुः
१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः
१.४ अवसरहरुः

परिच्छेद २ : लक्ष्य निर्धारण
२.१ दूरदृष्टि
२.२ लक्ष्य
२.३ उदेश्य

२.४ रणनीतिहरु
२.५ कार्यनीति
२.६ अपेक्षित उपलब्धि
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३ : विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु
३.१ प्रारम्भिक बालविकास र शिक्षा
३.२ आधारभूत शिक्षा
३.३ माध्यमिक शिक्षा
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ
३.५ अन्य उपक्षेत्रहरू (प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षा, आदि)

परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन
४.२ शिक्षक व्यवस्थापन र विकास
४.३ शिक्षामा समता र समावेशीकरण
४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम
४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन
परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

**अनुसूची २: शिक्षायुवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण ,**

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १ | शिक्षा शाखा प्रमुख | सरस्वती साह | ९८४८१२४७८३ | Sahsarswati916@gmail.com |
| | | | | |

## सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह -कक्षा १ )३ पाठ्यक्रम (, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा  राष्ट्रिय शिक्षा नीति (२०७६), कानून कितावखाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून कितावखाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना २०)७९ ,(**DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय



नरहा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल
स्था. २०७३